# सहिद लखन गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम-२०८३

## प्रतिवेदन

सहजीकरण

**सहमत मिडिया प्रालि**

सहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०८३ असार ३० गते

# विषय सूची

**(क) कार्यकारी सारांश**
**अध्याय १ः परिचय तथा पृष्ठभूमि**
१.१ विषय प्रवेश
१.२ सार्वजनिक सुनुवाइको औचित्य र सान्दर्भिकता
१.३ कार्यक्रमका विशिष्ट उद्देश्यहरू
१.४ अवलम्बन गरिएको विधि तथा प्रक्रिया
**अध्याय २ः कार्यक्रमको विवरण तथा व्यवस्थापन**
**अध्याय ३ः विषयगत तथा संस्थागत वार्षिक प्रगति समीक्षा**
३.१ आर्थिक प्रशासन तथा राजस्व संकलनको वित्तीय समीक्षा
३.२ नीतिगत, कानुनी तथा सुशासन क्षेत्रको प्रगति
३.३ पूर्वाधार तथा सहरी विकास क्षेत्रको भौतिक प्रगति
३.४ सामाजिक विकासः शिक्षा तथा स्वास्थ्य क्षेत्रको प्रगति
३.५ आर्थिक विकासः कृषि तथा पशु सेवा क्षेत्रको प्रगति
३.६ पञ्जीकरण, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता
३.७ वैदेशिक रोजगार, वित्तीय साक्षरता तथा परामर्श सेवा
३.८ न्यायिक समिति र विवाद निरूपणको अवस्था
**अध्याय ४ः नागरिक सन्तुष्टि परीक्षण**
४.१ बहिर्गमन अभिमतको नतिजा विश्लेषण
४.२ नागरिक प्रतिवेदन पत्रको विषयगत विश्लेषण
**अध्याय ५ः नागरिकका सवाल र जवाफदेही वक्ताको जवाफ (खुला सत्र)**
**अध्याय ६ः विश्लेषण तथा निष्कर्ष**
६.१ सबल पक्ष तथा प्रमुख वार्षिक उपलब्धिहरू
६.२ कमजोर पक्ष तथा विद्यमान चुनौतीहरूको समीक्षा
६.३ निष्कर्ष
**अध्याय ७ः सुझाव तथा भावी कार्यदिशा**
७.१ नीतिगत सुधारका सुझावहरू
७.२ कार्यान्वयनगत सुधारका सुझावहरू
७.३ क्षेत्रगत सुधारका सुझावहरू
७.४ भावी कार्यदिशा
**खण्ड (ग)ः अनुसूचीहरू**

# (क) कार्यकारी सारांश

शहिद लखन गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा गण्डकी प्रदेशको सामाजिक उत्तरदायित्व निर्देशिका २०७७ को मर्म अनुरूप आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। २०८३ असार ३० गते वडा नं. ९, नामजुङस्थित जनशक्ति माध्यमिक विद्यालयको बहुउद्देश्यीय हलमा आयोजित यस कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री रमेश बाबु थापा मगरले गर्नुभएको थियो। मुख्य जवाफदेही वक्ताका रूपमा गाउँपालिका उपाध्यक्ष श्री इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम मगर रहनुभएको थियो भने कार्यक्रमको स्वतन्त्र सहजीकरण सहमत मिडिया प्रा. लि. ले गरेको थियो।

वित्तीय एवं भौतिक समीक्षाका क्रममा गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा कुल स्वीकृत बजेटको ८०.१८ प्रतिशत खर्च गरेको र आन्तरिक राजस्व संकलनमा लक्ष्यको १०३.११ प्रतिशत प्रगति हासिल गरेको प्रतिवेदन प्रस्तुत गरियो। पालिकाले पूर्वाधार विकासतर्फ रणनीतिक सडकहरूको स्तरोन्नति, अस्पताल र विद्यालय भवनहरूको निर्माण कार्यलाई अगाडि बढाएको छ भने नीतिगत रूपमा हालसम्म १४१ वटा कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

कार्यक्रम पूर्व सहजकर्ता संस्थाद्वारा सञ्चालित १०० जना सेवाग्राही तथा नागरिक सम्मिलित बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्र सर्वेक्षणले पालिकाको सुशासन र प्रशासनिक पारदर्शीताको सबल पक्षलाई उजागर गरेको छ। सर्वेक्षणका अनुसार शतप्रतिशत (१००%) नागरिकले सेवा प्राप्त गर्दा कुनै अतिरिक्त रकम (घुस) तिर्नु नपरेको बताएका छन्, जुन पालिकाको भ्रष्टाचारमा शून्य सहनशीलताको दृष्टान्त हो। साथै, अधिकांश सेवाग्राहीहरू कर्मचारीको मैत्रीपूर्ण व्यवहार र सूचना प्रवाहप्रति सकारात्मक देखिएका छन्।

यद्यपि, खुला छलफल र सर्वेक्षणका क्रममा नागरिकहरूले केही गम्भीर चुनौती र व्यावहारिक समस्याहरू औंल्याएका छन्। वन्यजन्तु (बाँदर) आतंकका कारण सिर्जित चरम बसाइँसराइ, खिनाल खोला र ढोके रह खानेपानी आयोजनाहरूमा भएको ढिलासुस्ती तथा बजेट फ्रिज हुने समस्या, र वि.सं. २०३६ सालको नापी र कम्प्युटर प्रणालीबीचको कित्ताकाट नमिल्दा सिर्जित भू-स्वामित्वको अन्योलका विषयमा नागरिकहरूले सघन आवाज उठाएका छन्। यस्तै, भीर तथा पहिरोजन्य जग्गाको अव्यावहारिक सरकारी मूल्यांकन, रासायनिक मलको न्यून आपूर्ति, र कृषि प्राविधिकहरूको खेतबारीमा न्यून उपस्थितिप्रति पनि सरोकारवालाहरूले ध्यानाकर्षण गराएका छन्।

यी गुनासाहरूको सम्बोधन गर्दै गाउँपालिका नेतृत्वले बाँदर आतंक नियन्त्रणका लागि वैकल्पिक बाली (बेसार, अदुवा, कागती आदि) प्रवर्धन नीति लिने, ढिलासुस्ती भएका खानेपानी आयोजनाको निर्माण सम्झौता पुनरावलोकन गर्ने र अलपत्र एम्बुलेन्स सेवालाई मर्मत गरी शीघ्र सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ। साथै, जग्गा वर्गीकरण र नापी नक्सांकनको समस्यालाई जिल्लास्थित नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी समाधान गरिने कार्यदिशा तय गरिएको छ। समग्रमा, यो सार्वजनिक सुनुवाइले शहिद लखन गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणका आगामी योजनाहरूलाई थप जनमुखी, पारदर्शी र जवाफदेही बनाउन महत्वपूर्ण मार्गदर्शन प्रदान गरेको छ।

# अध्याय १: परिचय

## १.१ विषय प्रवेश

नेपालको लोकतान्त्रिक आन्दोलनका प्रथम सहिद लखन थापा मगरको ऐतिहासिक विरासत बोकेको यस शहिद लखन गाउँपालिका स्थानीय सरकारको संवैधानिक परिकल्पनालाई व्यवहारमा उतार्न सुशासन र जनमुखी सेवा प्रवाहमा प्रतिबद्ध रहँदै आएको छ। स्थानीय तहमा सुशासन र जवाफदेहिता शासक र शासितबिचको भेद अन्त्य गरी नागरिक सर्वोच्चता कायम गर्ने सशक्त माध्यम हो। यसै सन्दर्भमा, गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधि समाप्त भई समग्र आर्थिक वर्षको वार्षिक प्रगति समीक्षा गर्न र सार्वजनिक सेवाको कसीमा पालिकाको प्रभावकारिता परीक्षण गर्न यो तेस्रो तथा वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेको हो।

यसपटक गाउँपालिकाको भौगोलिक रूपमा संवेदनशील र कृषिमा आधारित वडा नं. ९, नामजुङको मल्टिपर्पोज हलमा यो कार्यक्रमको आयोजना गरिएको छ। यो सार्वजनिक सुनुवाइ पालिकाका लागि आफ्ना नीति, वार्षिक प्रगति र सफल सूचकहरू सुनाउने साथै नामजुङ, घैरुङ, बुङकोट र साविकका गाविसका नागरिकहरूले दैनिक रूपमा भोगिरहेका जल्दाबल्दा पीडा र व्यावहारिक कठिनाइहरूको निर्मम समीक्षा गर्ने नागरिक अदालत साबित भएको छ।

एकातिर पालिका राष्ट्रिय कार्यसम्पादन मूल्यांकनमा देशकै उत्कृष्ट स्थानहरूमा पर्न सफल भएको सुखद यथार्थ छ भने अर्कोतिर जैविक तथा वातावरणीय सन्तुलन बिग्रँदा सिर्जित बाँदर, बँदेल आतंकका कारण सिंगो मानव बस्ती नै रित्तिने गरी भइरहेको चरम बसाइँसराइको कहालीलाग्दो चित्र पनि छ। यसर्थ, यो सार्वजनिक सुनुवाइ वार्षिक प्रगति प्रतिवेदनका अंकहरू र ग्रामीण यथार्थका घाउहरूबिचको खाडल पुर्दै आगामी यात्रालाई जनमुखी र उत्पादनमुखी बनाउने दिशामा एक ऐतिहासिक प्रस्थानबिन्दु बनेको छ।

## १.२ सार्वजनिक सुनुवाइको औचित्य र सान्दर्भिकता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा गण्डकी प्रदेश सरकारले निर्माण गरेको सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिकाले निर्दिष्ट गरेको जनउत्तरदायित्वको मर्मलाई आत्मसात् गर्दै आयोजित यस वार्षिक सार्वजनिक सुनुवाइको औचित्य र सान्दर्भिकतालाई देहाय बमोजिम विश्लेषण गर्न सकिन्छः

**वार्षिक कार्यसम्पादनको जनपरीक्षणः** आर्थिक वर्ष २०८२/०८३ भरि खर्च भएको कुल पुँजीगत बजेट र प्रशासनिक चालु बजेटको उपयोगिता, योजनाहरूको गुणस्तर र उपभोक्ता समितिमार्फत भएका निर्माण कार्यहरूको निष्पक्ष समीक्षा गर्न।

**भौगोलिक र आर्थिक संवेदनशीलताको सम्बोधनः** वडा नं. ९ नामजुङ र साविकका गाविसका क्षेत्रहरूमा रहेका वनक्षेत्रको बाहुल्यता, खानेपानीका ठुला योजनाहरूमा भएको नीतिगत र प्राविधिक ढिलासुस्ती, र विकास निर्माणका योजनाहरूमा प्राविधिकहरूले स्थानीय नागरिकसँग समन्वय नगरी गर्ने मनपरी सर्भेका सवाललाई प्रत्यक्ष सम्बोधन गर्न।

**जग्गा नापी, कर र व्यावहारिक विसंगतिको दीर्घकालीन निकासः** विगत लामो समयदेखि नापी र कित्ताकाटको नक्सांकनमा देखिएका प्राविधिक त्रुटिले गर्दा नामजुङ र साविक गाविसका नागरिकले मालपोत कर तिर्दा र बैंकबाट ऋण लिँदा भोगेको चरम सास्ती तथा व्यावहारिक भूमि सम्बन्धी झन्झटलाई पालिका र जिल्ला तहका नापी-मालपोत कार्यालयबिचको समन्वयमार्फत निकास दिन।

**बाँदर र जैविक संकटको नीतिगत सम्बोधनः** परम्परागत बन्दुकहरू प्रशासनले संकलन गरेपछि किसानहरूको अन्नबाली तथा फलफूल (जस्तैः लिची, मकै, आलु) बाँदर र जङ्गली बँदेलले सखाप पारेको र गाउँमा चितुवाको त्रासले बालबच्चा जोगाउनै गाह्रो भएर बसाइँसराइ तीव्र भएको यथार्थलाई रोक्न वैकल्पिक कृषि र वन्यजन्तु नियन्त्रणको नयाँ नीति तय गर्न ।

### १.३ कार्यक्रमका विशिष्ट उद्देश्यहरू

यस वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रमका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

**१. वार्षिक वित्तीय तथा भौतिक प्रगतिको पारदर्शी सञ्चारः** आर्थिक वर्ष २०८२/०८३ को वार्षिक आय-व्ययको यथार्थ विवरण आम नागरिकमाझ प्रस्तुत गरी पारदर्शिता कायम गर्नु ।

**२. आयोजनागत ढिलासुस्ती र बजेट फ्रिजको जवाफदेहिताः** खानेपानी, सडक पिच जस्ता करोडौँका क्रमागत आयोजनाहरू अलपत्र पर्नुका प्राविधिक तथा कानुनी अवरोधहरू पहिचान गरी तत्काल निकास खोज्नु ।

**३. कृषि तथा पशुपालन सुरक्षा र मल वितरणको व्यवस्थापनः** रासायनिक मलको देशव्यापी अभावबिच सहकारीहरूमार्फत भइरहेको कोटा प्रणालीको व्यावहारिक झन्झट न्यूनीकरण गर्ने र पशु बिमा तथा कृषि प्राविधिकहरूको फिल्ड उपस्थितिलाई चुस्त बनाउन ठोस योजना बनाउनु ।

**४. जग्गा प्रशासन र लालपुर्जाको व्यवस्थापनः** साविक गाविसको पालादेखि रसिद काटेर बसेका सुकुम्वासी वा अव्यवस्थित बसोबासीको घरटहरा संरक्षण गर्ने र नापी विभागसँग समन्वय गरी कित्ताकाटको त्रुटि सच्याउन तत्काल पहल गर्नु ।

**५. सुधारोन्मुख प्रतिबद्धताको अभिलेखीकरणः** नागरिकले राखेका गम्भीर सवालहरू र गुनासोहरूलाई लिपिबद्ध गरी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट तत्काल कार्यान्वयन हुने गरी समयसीमा तोकेर प्रतिबद्धता जारी गराउनु ।

### १.४ अवलम्बन गरिएको विधि तथा प्रक्रिया

यस कार्यक्रमलाई केवल गफगाफ वा भाषणबाजीमा सीमित नगरी वैज्ञानिक, तथ्यपरक र नतिजामुखी बनाउन स्वतन्त्र सहजकर्ता संस्था सहमत मिडिया प्रा. लि. मार्फत निम्न विधिहरूको अवलम्बन गरिएको थियोः

#### क) पूर्वतयारी तथा सर्वेक्षण चरणः

सार्वजनिक सुनुवाइ हुनुपूर्व स्वतन्त्र सहजकर्ता टोलीले गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयहरूबाट सेवा लिएर बाहिरिएका ५० जना सेवाग्राहीहरूसँग प्रत्यक्ष कुराकानी गरी बहिर्गमन अभिमत (Exit Poll) संकलन गरेको थियो । साथै, वडा नं. ९ नामजुङ र साविक गाविसका ग्रामीण भेगका ५० जना आम नागरिकहरूसँग प्रत्यक्ष भेटघाट गरी सेवाको प्रभावकारिता र सन्तुष्टि मापनका लागि नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) सर्वेक्षण फारम भराइएको थियो ।

#### ख) प्रगति सार्वजनिकीकरण चरणः

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम मगरले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति विवरण, आन्तरिक आय, खर्चको विवरण, सुशासन प्रवर्धनका लागि गरिएका प्रयासहरू प्रस्तुत गर्नुभएको थियो ।

### ग) खुल्ला सत्र तथा अन्तरक्रिया चरणः

सहजकर्ता प्रकाश ढकालको नेतृत्वमा सञ्चालित खुला बहसमा नामजुङ, घैरुङ र बुङकोटका सहभागीहरूले निर्धक्कसँग कृषि, वन, पशु बिमा, सडक निर्माणको गुणस्तर, यातायात व्यवसायीको मनपरी, थन्किएको एम्बुलेन्स र जग्गाको अनपेक्षित मूल्यांकन जस्ता सवालहरू प्रत्यक्ष रूपमा राख्नुभयो र जवाफदेही वक्ताहरू ( अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरू) ले सोही मञ्चबाट प्रत्यक्ष स्पष्टीकरण र प्रतिबद्धता व्यक्त गर्नुभयो।

### घ) नीतिगत सुधार र अभिलेखीकरणः

सार्वजनिक सुनुवाइमा उठेका गुनासा र प्राप्त सुझावहरूलाई संश्लेषण गरी गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा कसरी समावेश गर्ने भन्ने ठोस कार्यदिशा तय गरी प्रतिबद्धताहरू अभिलेखीकरण गरिएको छ।

# अध्याय २ः कार्यक्रमको विवरण

## २.१ कार्यक्रमको पृष्ठभूमि तथा नामकरण

शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति, वार्षिक बजेट तथा कार्यक्रमहरूको समग्र समीक्षा गर्ने र नागरिक स्तरबाट कार्यसम्पादनको मूल्यांकन गर्ने उद्देश्यका साथ यस गरिमामय कार्यक्रमको आयोजना गरिएको हो। यस कार्यक्रमलाई आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम नामकरण गरिएको छ। यो सार्वजनिक सुनुवाइ गाउँपालिकाको वार्षिक सुशासन क्यालेन्डर र जनउत्तरदायित्व प्रवर्द्धन निर्देशिका बमोजिम सम्पन्न गरिएको मुख्य सुशासन मञ्च हो।

## २.२ मिति, समय र स्थान

- **मितिः** २०८३ साल असार ३० गते, मंगलबार।
- **समयः** बिहान ११:०० बजेदेखि कार्यक्रम सम्पन्न हुन्जेलसम्म।
- **स्थानः** शहिद लखन गाउँपालिका वडा नं. ९, नामजुङस्थित जनशक्ति माध्यमिक विद्यालयको बहुउद्देश्यीय सभाहल (मल्टिपर्पज हल)।

## २.३ आयोजक तथा व्यवस्थापकीय पक्ष

- **आयोजकः** शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ, गोरखा।
- **स्वतन्त्र सहजकर्ता संस्थाः** सुशासन र लोकतान्त्रिक अभ्यासका क्षेत्रमा क्रियाशील व्यावसायिक संस्था सहमत मिडिया प्रा. लि.।
- **मुख्य सहजकर्ताः** सञ्चारकर्मी तथा सहजकर्ता श्री प्रकाश ढकाल।

## २.४ अध्यक्षता, जवाफदेही वक्ता तथा आमन्त्रितहरूको विवरण

कार्यक्रमको गरिमा र ओझलाई ध्यानमा राखी जनप्रतिनिधि, प्रशासनिक नेतृत्व, प्राविधिक शाखाका प्रमुखहरू र नागरिक समाजका प्रतिनिधिहरूको अर्थपूर्ण उपस्थितिलाई सुनिश्चित गरिएको थियो। विवरण देहाय बमोजिम रहेको छः

**सभाध्यक्षः** श्री रमेश बाबु थापा मगर (गाउँपालिका अध्यक्ष)

**मुख्य जवाफदेही वक्ताहरू (प्रशासनिक तथा वित्तीय):**

- श्री इन्दिरा तिवारी (गाउँपालिका उपाध्यक्ष-स्वागत मन्तव्य प्रस्तुतकर्ता)
- श्री बाबुराम मगर (प्रमुख प्रशासकीय अधिकृत-वार्षिक प्रगति प्रतिवेदन प्रस्तुतकर्ता)
- श्री रामकुमार श्रेष्ठ (वडाध्यक्ष, वडा नं. ९ - नामजुङ)
- गाउँ कार्यपालिकाका अन्य सदस्यहरू तथा विषयगत शाखा प्रमुखहरू।

**आमन्त्रित व्यक्तित्वहरू तथा सरोकारवालाहरूः**

- विभिन्न राजनीतिक दलका स्थानीय प्रतिनिधिहरू (राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी आदि)।
- नामजुङ र घैरुङ क्षेत्रका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक तथा प्रधानाध्यापकहरू
- साना किसान कृषि सहकारी संस्था र अन्य स्थानीय सहकारीका सञ्चालक तथा प्रतिनिधिहरू।
- टोल विकास समितिका संयोजकहरू, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारीहरू, स्थानीय कृषक समूहहरू र आम सेवाग्राही नागरिकहरू।

## २.५ कार्यक्रम सञ्चालनको रूपरेखा र कार्यान्वयनका चरणहरू

कार्यक्रमलाई व्यवस्थित रूपमा पाँचवटा मुख्य चरणहरूमा वर्गीकरण गरी सञ्चालन गरिएको थियोः

**पहिलो चरणः** आचारसंहिता वाचन तथा औपचारिक उद्घाटन

- ✓ सहजकर्ता श्री प्रकाश ढकालले कार्यक्रमको मर्यादा कायम राख्न, संवादलाई अनुशासित बनाउन र विषयान्तर हुन नदिनका लागि सार्वजनिक सुनुवाइ आचारसंहिता वाचन गरी सबै सहभागीहरूलाई त्यसको पूर्ण पालना गर्न आह्वान गर्नुभयो। तत्पश्चात् गाउँपालिका उपाध्यक्ष श्री इन्दिरा तिवारीले सम्पूर्ण आमन्त्रितहरूलाई आत्मीय स्वागत मन्तव्यका साथ स्वागत गर्नुभयो।

**दोस्रो चरणः** वार्षिक प्रगति विवरण प्रस्तुतीकरण

- ✓ प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम मगरले आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट आकार, कुल खर्च, राजस्व संकलन र शाखागत उपलब्धिसहितको वार्षिक प्रगति प्रतिवेदन विस्तृत रूपमा सार्वजनिक गर्नुभयो।

**तेस्रो चरणः** स्वतन्त्र सर्वेक्षणको नतिजा सार्वजनिकीकरण

- ✓ सहमत मिडिया प्रा. लि. का सहजकर्ता टोलीले कार्यक्रम पूर्व नामजुङ र आसपासका क्षेत्रका सेवाग्राहीहरूबाट संकलन गरिएको बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्रको नतिजा तथा नागरिकका मुख्य-मुख्य सुझावहरू सार्वजनिक रूपमा प्रस्तुत गरे ।

**चौथो चरणः** खुला सत्र - अन्तरक्रियात्मक सवाल-जवाफ

- ✓ सहजकर्ताले सहभागीहरूलाई आफ्नो राय, सुझाव र गुनासो राख्नका लागि मञ्च खुला गर्नुभयो । यस सत्रमा स्थानीय नागरिकहरूले खानेपानी, कृषि, नापी-मालपोत, सडकको गुणस्तर, बाँदरको त्रास र एम्बुलेन्स व्यवस्थापन जस्ता व्यावहारिक विषयमा प्रश्नहरू राखेका थिए । उठाइएका प्रश्नहरूको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरूले पालैपालो स्पष्ट र लिखित प्रतिवद्धतासहित जवाफ दिनुभयो ।

**पाँचौ चरणः** प्रतिबद्धता घोषणा तथा समापन

- ✓ खुला छलफलमा उठेका सार्वजनिक सरोकारका बुँदाहरूमा पालिका नेतृत्वले तत्काल कार्यान्वयन गर्ने प्रतिबद्धताहरू सार्वजनिक गर्‍यो । अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री रमेश बाबु थापा मगरले नागरिकका रचनात्मक सुझावहरूले पालिकालाई सधैँ जनमुखी बनाउन मार्गनिर्देश गर्ने विश्वास व्यक्त गर्दै र सबै सहभागीहरूलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुभयो ।

# अध्याय ३ः विषयगत तथा संस्थागत वार्षिक प्रगति समीक्षा

शहिद लखन गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को अवधिभर सञ्चालन गरेका विषयगत, संस्थागत, कानुनी तथा पूर्वाधार विकास सम्बन्धी प्रगतिहरूको विस्तृत शाखागत र क्षेत्रगत समीक्षा देहाय बमोजिम प्रस्तुत गरिएको छः

## ३.१ आर्थिक प्रशासन तथा राजस्व संकलनको वित्तीय समीक्षा

गाउँपालिकाले सीमित स्रोत र साधनका बाबजुद वित्तीय अनुशासन र पारदर्शिता कायम राख्दै आन्तरिक आय संकलन र पुँजीगत खर्चमा उल्लेख्य प्रगति हासिल गरेको छ । वार्षिक वित्तीय प्रगतिको यथार्थ विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

| विवरण | बजेट/आय लक्ष्य (रु.) | यथार्थ प्राप्ति/खर्च (रु.) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|
| कुल स्वीकृत बजेट | ६२,९७,८७,१९२/- | ५०,४९,९७,७१९.१४ | ८०.१८% |
| कुल आम्दानी (सबै स्रोत) | ५८,४१,३६,७९६/- | | ९२.७५% (प्राप्ति दर) |
| आन्तरिक राजस्व संकलन | २,४३,००,०००/- | २,५०,५५,७२५.३६ | १०३.११% |
| चालु तर्फको खर्च | ४८,१५,५४,१९२/- | ३९,७६,७१,८२०.१४ | ८२.५८% |
| पुँजीगत तर्फको खर्च | १४,८२,३३,०००/- | १०,७३,२५,८९९/- | ७२.४०% |

**नोटः गाउँपालिकाले स्थानीय राजस्व संकलनमा ऐतिहासिक रूपमा लक्ष्यभन्दा बढी आम्दानी गरी वित्तीय रूपमा आत्मनिर्भरतातर्फ पाइला सारेको छ । कुल बजेट खर्चको समग्र वित्तीय प्रगति ८०.१८ प्रतिशत रहेको छ ।**

### ३.२ नीतिगत, कानुनी तथा सुशासन क्षेत्रको प्रगति

स्थानीय सरकार सञ्चालनलाई जगदेखि नै संस्थागत र विधिको शासनमा आधारित बनाउन पालिकाले स्थापनाकालदेखि हालसम्म नीतिगत र कानुनी सुधारमा फड्को मारेको छः

**कानुन निर्माणको ऐतिहासिक विवरणः हालसम्म कुल १४१ वटा**

- ✓ ऐनहरूः २८ वटा (सालबसाली आर्थिक र विनियोजन ऐन बाहेक)
- ✓ कार्यविधिहरूः ९० वटा
- ✓ नीतिहरूः ४ वटा
- ✓ नियमावलीहरूः ५ वटा
- ✓ निर्देशिकाहरूः ५ वटा
- ✓ मापदण्डहरूः ९ वटा

**सुशासन प्रवर्धनका मुख्य कार्यहरूः**

- ✓ गाउँपालिका तथा वडा कार्यालयहरूमा सेवाप्रवाहलाई पारदर्शी बनाउन डिजिटल नागरिक बडापत्र को पूर्ण कार्यान्वयन।
- ✓ कर्मचारीहरूको कार्यसम्पादन, जवाफदेहिता र आचरण सुधार्न २५ बुँदे कर्मचारी आचारसंहिता जारी गरी पूर्ण रूपमा पालना गराइएको।
- ✓ स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कनमा गाउँपालिकाले ६० अंक प्राप्त गरी कार्यसम्पादनमा अग्रणी स्थान सुरक्षित गरेको छ।

### ३.३ पूर्वाधार तथा सहरी विकास क्षेत्रको भौतिक प्रगति

आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाले रणनीतिक सडकहरूको कालोपत्रे, स्तरोन्नति र विद्यालय भवनहरूको पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि हासिल गरेको छः

**सडक पूर्वाधार स्तरोन्नतिः**

- ✓ लुदीखोला-गुर्दुम-मास्कीछाप-तीनमाने सडकः प्रदेश समपूरक योजनाअन्तर्गत रु. १ करोडको सम्झौता भई भौतिक प्रगति सम्पन्न भएको छ।
- ✓ नाम्जुङ-घैरुङ-ताक्लुङ-मनकामना सडकः सङ्घीय समपूरक योजनाअन्तर्गत निर्माण कार्य द्रुत गतिमा अघि बढेको छ।
- ✓ तीनमाने-जुम्लीचौतारा सडकः आन्तरिक स्रोततर्फबाट सञ्चालित योजनाको हालसम्म ४५ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।
- ✓ गुर्दुम-बोकराङ सडकः ग्रेड मिलाउने र स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ।
- ✓ वडानं. २ को धारबारी-बासबार हुँदै तिङघरे सडकः स्तरोन्नतिको काम सम्पन्न भई यातायात सहज बनाइएको छ।

**भवन तथा सहरी विकासः**

- ✓ शैक्षिक पूर्वाधारः जिल्ला समन्वय समिति (जिसस) को साझेदारीमा चण्डिका मावि र शहिद स्मृति माविको अधुरो भवन निर्माण कार्य सम्पन्न भएको छ। साथै गंगाधर माविको पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ।
- ✓ प्रशासनिक तथा स्वास्थ्य पूर्वाधारः गाउँपालिकाको मुख्य कार्यालयको मल्टिपल हल र प्रशासनिक परिसरको सजावट तथा व्यवस्थापन कार्य सम्पन्न भएको छ। तीनमानेमा निर्माणाधीन १५ शैयाको आधारभूत अस्पतालको काम भने केही सुस्त गतिमा अघि बढिरहेको छ।

**योजना कार्यान्वयनको संख्यात्मक विवरणः**

आर्थिक वर्षभरि १७९ वटा उपभोक्ता समितिमार्फत र ११ वटा ठेक्का सम्झौतामार्फत गरी कुल १९० वटा भौतिक पूर्वाधारका योजनाहरू कार्यान्वयनमा ल्याइएका छन्। ठेक्कातर्फका ११ योजनामध्ये ७ वटा योजनाहरू पूर्ण रूपमा सम्पन्न भइसकेका छन् भने बाँकी २ वटा योजनाहरू (तीनमाने-जुम्लीचौतारा सडक र बाँसकोट सडक) क्रमागत रूपमा सञ्चालनमा छन्।

**३.४ सामाजिक विकासः शिक्षा तथा स्वास्थ्य क्षेत्रको प्रगति**

स्वास्थ्य र शिक्षा क्षेत्रमा नागरिकको पहुँच बढाउन निदानात्मक र उपचारात्मक सेवालाई ग्रामीण तहसम्म पुऱ्याइएको छः

**स्वास्थ्य क्षेत्रका मुख्य उपलब्धिहरूः**

- ✓ विशिष्टीकृत स्वास्थ्य शिविरः सहारा फाउन्डेसन र मुटु फाउन्डेसनको प्राविधिक सहकार्यमा मुटु, स्त्रीरोग तथा आँखा सम्बन्धी बृहत स्वास्थ्य शिविर सञ्चालन भई क्रमशः ४८७ जना र ४५५ जना ग्रामीण नागरिकहरू प्रत्यक्ष लाभान्वित भएका छन्।
- ✓ एआई एक्स-रे अभियानः वडा नं. ४ मा ४,१८५ जनाको स्क्रिनिङ गर्दा २ जनामा क्षयरोग पोजेटिभ देखिएको र वडा नं. ७ मा ४०० जनाको स्क्रिनिङ गर्दा ६ जनामा पोजेटिभ फेला परी तत्काल औषधोपचार प्रक्रिया सुरु गरिएको छ।
- ✓ नियमित तथा प्रवर्धनात्मक स्वास्थ्य सेवाः गर्भवती महिलाहरूका लागि निःशुल्क क्याल्सियम वितरण र भिडियो एक्सरे सेवा प्रवाह। विद्यालय स्वास्थ्य कार्यक्रमअन्तर्गत विद्यालयहरूमा पुगी ४१४ जना किशोरीहरूको रक्तअल्पता परीक्षण सम्पन्न। डेंगु रोग नियन्त्रणका लागि ९ वटै वडामा लार्भा खोज र नष्ट गर अभियान प्रभावकारी रूपमा सञ्चालन।

**शैक्षिक तथा सामाजिक विकास तर्फः**

- ✓ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरी निरन्तर अनुगमन।
- ✓ प्राविधिक तथा उच्च शिक्षा अध्ययन गर्ने गरिव तथा विपन्न वर्गका १० जना विद्यार्थीहरूलाई जनही रु. २०,०००/- का दरले विशेष छात्रवृत्ति र द्रव्यशाह बहुमुखी क्याम्पस एवं आँबुखैरेनी क्याम्पसमा अध्ययनरत ३७ जना जेहेन्दार विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा छात्रवृत्ति वितरण।
- ✓ महिला सशक्तीकरणः एकल महिला लक्षित आर्यआर्जन कार्यक्रमअन्तर्गत मौरीपालन व्यवसायका लागि आधुनिक मौरीका घारहरू र आवश्यक सामग्री अनुदानमा वितरण।

### ३.५ आर्थिक विकासः कृषि तथा पशु सेवा क्षेत्रको प्रगति

कृषकको उत्पादन क्षमता वृद्धि गरी कृषिमा आत्मनिर्भरता बढाउन प्रविधि हस्तान्तरण र पशु सुरक्षालाई जोड दिइएको छः

**कृषि विकास कार्यक्रमहरूः**

- ✓ बिउ तथा बिरुवा वितरणः गाउँपालिकाको आफ्नै नर्सरीमा उत्पादित काउली र बन्दाको बेर्ना र गुणस्तरीय तरकारीका बिउहरू ५०% अनुदानमा कृषकहरूलाई वितरण ।
- ✓ यान्त्रीकीकरणः आधुनिक प्रविधिमार्फत श्रम कम गर्न र उत्पादन बढाउन कृषकहरूलाई मिनी ट्रेलर वितरण। वितरण गरिएका मिनी ट्रेलरहरूको दीर्घकालीन मर्मत र संरक्षणका लागि कृषकहरूलाई ७ दिने विशेष प्राविधिक मर्मत तालिम प्रदान।
- ✓ माटो परीक्षण शिविरः माटोको उत्पादकत्व पत्ता लगाउन विभिन्न वडाहरूमा माटो परीक्षण शिविर सञ्चालन ।

**पशु सेवा कार्यक्रमहरूः**

- ✓ महामारी नियन्त्रण र खोप अभियानः महामारीजन्य रोग नियन्त्रणका लागि रेबिज विरुद्ध ३८ वटा कुकुरहरूलाई खोप लगाइएको छ। बंगुर तथा बोका बन्ध्याकरणअन्तर्गत २८८ वटा पशुहरूको बन्ध्याकरण सम्पन्न गरिएको छ।
- ✓ उपचार तथा कृत्रिम गर्भाधानः गोठ तथा फिल्डस्तरबाट १,०६६ वटा पशुहरूको प्रत्यक्ष उपचार र प्राविधिक परामर्श सेवा प्रदान। नश्ल सुधारका लागि ६ वटा गाई र ५४ वटा भैंसीमा कृत्रिम गर्भाधान सेवा प्रवाह।

### ३.६ पञ्जीकरण, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

नागरिकको जन्मदेखि मृत्युसम्मको व्यक्तिगत लगत राख्न र सामाजिक सुरक्षालाई पारदर्शी बनाउन प्रविधिको उच्चतम् प्रयोग गरिएको छः

**व्यक्तिगत घटना दर्ता विवरण (अनलाइन प्रणालीमार्फत):**

- ✓ जन्म दर्ताः ५६६ जना
- ✓ मृत्यु दर्ताः २७६ जना
- ✓ विवाह दर्ताः ३२५ जना
- ✓ सम्बन्ध विच्छेदः ६५ जना (पछिल्लो समय सम्बन्ध विच्छेद दर्ता हुने क्रम बढ्दो देखिएको छ)
- ✓ बसाइँसराइ दर्ताः बसाइँसराइ आउने ११ वटा दर्तामार्फत ३७ जना पालिकाभित्र भित्रिएको देखिन्छ भने बसाइँसराइ जाने ८० वटा दर्तामार्फत २७२ जना नागरिक पालिकाबाट बाहिरिएको देखिन्छ।
- ✓ जम्मा दर्ता घटनाहरूः वर्षभरी अनलाइन प्रणालीमा कुल १,३२३ वटा व्यक्तिगत घटना दर्ता भएका छन् ।

**सामाजिक सुरक्षा भत्ता वितरणको त्रैमासिक वित्तीय अवस्थाः**

गाउँपालिकाका ९ वटै वडामा सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीमार्फत पूर्ण पारदर्शी रूपमा वितरण गरिएको छ। त्रैमासिक रूपमा भत्ता लिने लाभग्राहीको संख्या र खर्च विवरण देहाय बमोजिम छः

| अवधि (त्रैमासिक) | लाभग्राही संख्या | वितरण भएको कुल रकम (रु.) |
|---|---|---|
| प्रथम त्रैमासिक | ४,६९२ जना | ४,८२,००,०००/- |
| दोस्रो त्रैमासिक | ४,७०० जना | ४,८१,००,०००/- |
| तेस्रो त्रैमासिक | ४,६७६ जना | ४,७९,००,०००/- |
| चौथो त्रैमासिक | ४,६६४ जना | ४,७८,००,०००/- |

### ३.७ वैदेशिक रोजगार, वित्तीय साक्षरता तथा परामर्श सेवा

सुरक्षित वैदेशिक रोजगार र विप्रेषणको सही सदुपयोगका लागि गाउँपालिकाले विशेष कार्यक्रमहरू सञ्चालन गरेको छः

- पुनः श्रम स्वीकृति सेवाः वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरूलाई गाउँपालिकाबाटै पुनः श्रम स्वीकृति दिने अनलाइन सेवा सुरु गरिएको छ। यस वर्ष कुल ९६ जनाले श्रम स्वीकृति प्राप्त गर्नुभएको छ, जसको देशगत विवरण निम्न छः

✓ साउदी अरेबियाः २४ जना। यूएईः १९ जना। मलेसियाः १९ जना। कतारः ९ जना। बहराइनः ४ जना। कुवेतः ४ जना। जापानः ३ जना। र अन्य मुलुकहरूमा १४ जना।

- आर्थिक तथा सामाजिक सहायताः वैदेशिक रोजगारीको क्रममा निधन भएका ४ जना श्रमिकका परिवार र अंगभंग/घाइते भएका १ जना श्रमिकलाई वैदेशिक रोजगार बोर्डको सचिवालयमार्फत प्राप्त हुने राहत र आर्थिक सहायता दिलाउन पालिकाले आवश्यक समन्वय र सिफारिस गरेको छ।
- वित्तीय साक्षरता र मनोसामाजिक परामर्शः विप्रेषणको सही सदुपयोगका लागि बोकराङको गैरीटोल र मनकामनाको भुवानीटारमा २१ हप्ते वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाहरू प्रभावकारी रूपमा सञ्चालन गरिएका छन्।

### ३.८ न्यायिक समिति र विवाद निरूपणको अवस्था

गाउँपालिकाकी उपाध्यक्ष श्री इन्दिरा तिवारीको संयोजकत्वमा रहेको ३ सदस्यीय न्यायिक समितिले स्थानीय स्तरका विवादहरूलाई छिटो, छरितो र मेलमिलापको नीति मार्फत समाधान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस आर्थिक वर्षको प्रगति विवरण निम्न छः

✓ कुल दर्ता भएका विवाद/मुद्दाहरूको संख्याः १६ वटा
✓ आर्थिक लेनदेन सम्बन्धी विवादः ५ वटा
✓ पालनपोषण र संरक्षण सम्बन्धी विवादः १ वटा
✓ खानेपानी उपभोग सम्बन्धी विवादः ४ वटा
✓ गालीबेइज्जती/अपमान सम्बन्धी विवादः १ वटा
✓ घरभाडा सम्बन्धी विवादः १ वटा
✓ ज्याला मजदुरी सम्बन्धी विवादः ४ वटा

**विवाद निरूपणको अवस्थाः**
न्यायिक समितिमा दर्ता भएका १६ वटा मुद्दामध्ये ८ वटा विवादहरू मेलमिलाप गराई मिलापत्र गराइएको छ भने ७ वटा विवादहरूमा औपचारिक निर्णय (फैसला) गरी विवादको स्थायी निरूपण गरिएको छ। बाँकी १ वटा विवाद प्रक्रियामै रहेको छ।

# अध्याय ४ः नागरिक सन्तुष्टि परीक्षण

शहिद लखन गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माणको गुणस्तर, र सुशासनको अवस्थाबारे नागरिकको वास्तविक दृष्टिकोण बुझ्न सहमत मिडिया प्रा. लि. ले वडा नं. ९ नामजुङ र आसपासका क्षेत्रहरूमा स्थलगत सर्वेक्षण गरेको थियो। सेवा प्रवाहमा प्रविधि र व्यवहारको अवस्था मापन गर्न ५० जना सेवाग्राहीहरूबिच बहिर्गमन अभिमत र ग्रामीण क्षेत्रका ५० जना नागरिकहरूबिच नागरिक प्रतिवेदन पत्र मार्फत लिइएको मतको विश्लेषण देहाय बमोजिम गरिएको छः

### ४.१ बहिर्गमन अभिमतको नतिजा विश्लेषण

कार्यालयबाट प्रत्यक्ष सेवा लिएर निस्किएका ५० जना सेवाग्राहीको प्रतिक्रियालाई विश्लेषण गर्दा पालिकाको प्रशासनिक सेवा सुदृढ देखिए पनि केही क्षेत्रमा सुधारको तीव्र आवश्यकता औंल्याइएको छः

- ✓ **सेवा लिन आउनुको प्रयोजनः** सर्वेक्षणमा सहभागीमध्ये २४ प्रतिशत सिफारिस (अंग्रेजी डकुमेन्ट सिफारिससहित), १८ प्रतिशत दर्ता तथा नवीकरण (कृषि तथा व्यवसाय दर्ता), ८ प्रतिशत योजना सम्झौता, ६ प्रतिशत मालपोत कर (तिरो) बुझाउन र बाँकी ३० प्रतिशत अन्य विविध प्रशासनिक प्रयोजनका लागि आएको देखिन्छ।
- ✓ **सम्पर्क र सूचना प्रवाहको प्रभावकारिताः** ८६ प्रतिशत सेवाग्राहीले कुन सेवाका लागि कोसँग सम्पर्क गर्ने भन्नेमा अति स्पष्ट जानकारी पाएको बताएका छन्। तर, ६ प्रतिशत सेवाग्राहीले अझै पनि कार्यकक्ष वा जिम्मेवार कर्मचारी भेट्न अस्पष्टता रहेको गुनासो गरे, जसले गर्दा कार्यकक्षमा संकेतक ( क्ष्नलदयबचमक) थप प्रष्ट बनाउनुपर्ने देखिन्छ।
- ✓ **कर्मचारीको व्यवहार र संवेदनशीलताः** ८० प्रतिशत सेवाग्राहीले कर्मचारीको व्यवहार अत्यन्त मिलनसार र मैत्रीपूर्ण पाएको उल्लेख गरे भने २० प्रतिशतले व्यवहार सामान्य (ठीकै) रहेको बताए। अभद्र वा अमर्यादित व्यवहार भोग्नुपरेको प्रतिक्रिया शून्य प्रतिशत छ, जुन प्रशासनिक संस्कारका रूपमा सकारात्मक पक्ष हो।
- ✓ **समस्या समाधान र प्रक्रियागत छिटोछरितोपनः** ७६ प्रतिशतले आफ्नो काम अति सजिलो र छोटो प्रक्रियाबाट सम्पन्न भएको बताए। यद्यपि, १२ प्रतिशत सेवाग्राहीले विशेष गरी जग्गा कित्ताकाट, मालपोतको अनलाइन फारम भर्ने प्रक्रिया र सिफारिसका जटिल कानुनी प्रक्रियाहरूका कारण सेवा प्राप्त गर्न लामो समय लागेको गुनासो गरे।

### ४.२ नागरिक प्रतिवेदन पत्रको विषयगत विश्लेषण

विकास, पूर्वाधार र आधारभूत आवश्यकताका क्षेत्रमा नागरिकको सन्तुष्टिस्तर मापन गर्न लिइएको प्रतिवेदनको नतिजाले पालिकाको सुशासन र विकासको नीतिगत प्राथमिकतामा गम्भीर प्रश्नहरू उठाएको छः

**क) कृषि तथा पशु सेवा क्षेत्र (तीव्र असन्तुष्टिको क्षेत्र)**

- ✓ वन्यजन्तु (बाँदर र बँदेल) आतंक र बाली सुरक्षाः सर्वेक्षणमा सहभागी ८५ प्रतिशत नागरिकहरूले बाँदर र बँदेलको अत्यधिक आतंकका कारण बाली सुरक्षा नभएको र बसाइँसराइको मुख्य कारण यही बनेको बताएका छन् ।
- ✓ कृषि प्राविधिकको सेवा उपलब्धताः १५ प्रतिशत नागरिकले मात्र कृषि प्राविधिकहरूको सेवा खेतबारीमै उपलब्ध भएको बताएका छन् । ८० प्रतिशतले कृषि प्राविधिकहरू कार्यालयमै सीमित रहने र आवश्यक परामर्श तथा बिउविजन वितरणका बेला समन्वय नगर्ने गुनासो गरे ।

**ख) खानेपानी तथा पूर्वाधार विकास (द्वन्द्व र ढिलासुस्तीको क्षेत्र)**

- ✓ **खानेपानीको हाहाकार र आयोजना अलपत्रः** वडा नं. ९ का ६० प्रतिशतभन्दा बढी नागरिकहरूले एक घर एक धारा अभियानअन्तर्गत धारा जडान भए पनि पानी नियमित नआउने गुनासो गरेका छन् । खिनाल खोला र धोकेरह खानेपानी आयोजना वर्षौंदेखि अलपत्र पर्नु र जी.आई. पाइपहरू सडकमै लथालिङ्ग रहनुले नागरिकमा व्यापक निराशा (५२% असन्तुष्टि) पैदा गरेको छ ।
- ✓ **विकास योजनाको गुणस्तर र अनुगमनः** ५६ प्रतिशतले विकास निर्माणलाई राम्रो भने पनि ३२ प्रतिशतले ठीकै र १२ प्रतिशतले खराब (गुणस्तरहीन) रहेको औंल्याएका छन् । विशेष गरी ठेकेदारहरूले ढलान गर्दा कमसल ढुङ्गाको मसला प्रयोग गर्ने र प्राविधिकहरूले दैनिक सुपरभिजन नगर्ने पक्षमा नागरिकको कडा असन्तुष्टि देखिएको छ ।

**ग) भूमि, मालपोत र राजस्व प्रशासन (व्यावहारिक जटिलताको क्षेत्र)**

- ✓ **नक्साङ्कन र कित्ताकाटको सास्तीः** ७० प्रतिशत नागरिकले साविकको ३६ सालको नापी र नयाँ नक्साङ्कन नमिल्दा बैंकबाट कर्जा लिन र अंशबन्डा गर्न सास्ती भोग्नुपरेको बताए ।
- ✓ **जग्गा मूल्याङ्कनको विसङ्गतिः** अंशबन्डा वा जग्गा नामसारी गर्दा भीर वा पहिरोजन्य कम मूल्यको जग्गाको पनि सरकारी मूल्याङ्कन अत्यधिक हुँदा चर्को कर तिर्नुपरेकोमा ७५ प्रतिशत नागरिक असन्तुष्ट देखिएका छन् ।

**घ) सुशासन र निष्पक्षता (अति उत्कृष्ट सूचक)**

- ✓ **घुसमुक्त प्रशासन (भ्रष्टाचारमा शून्य सहनशीलता)ः** १०० प्रतिशत नागरिकले पालिका वा वडा कार्यालयबाट सेवा लिँदा वा योजनाको प्राविधिक जाँचपास गराउँदा कुनै पनि अतिरिक्त रकम (घुस) तिर्नु नपरेको बताएका छन् । यो शहिद लखन गाउँपालिकाको सबैभन्दा उत्कृष्ट र ओभ्फिलो सुशासनको सूचक हो ।

# अध्याय ५ः नागरिकका सवाल र जवाफदेही वक्ताको जवाफ

(खुला छलफल)

| क्र.सं. | नामथर | प्रश्न वा जिज्ञासा | जवाफदेहीको जवाफ |
|---|---|---|---|
| १. | विष्णु कार्की | ➢ बजार क्षेत्रमा फोहोर अव्यवस्थित रूपमा जताततै थुपारिएको देखिन्छ, यसको व्यवस्थापनका लागि पालिकाले के-कस्तो ठोस व्यवस्था गरेको छ ?<br>➢ गत वर्ष बुंकोट घाट जाने सडक कालोपत्रेका लागि ३ करोडको योजना रहेकोमा पछि त्यसलाई घटाएर १.५ करोड बनाइएको र हाल रकम नै नआएर काम रोकिएको भन्ने सुनिन्छ। यसको वास्तविकता के हो ?<br>➢ शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिबीच काम सहज बनाउन प्रभावकारी समन्वय किन हुन सकिरहेको छैन ?<br>➢ सहिद लखन वन क्षेत्र ठुलो रहेको सन्दर्भमा यस वन क्षेत्रलाई व्यवस्थित बनाउन पालिकाको के-कस्तो ठोस योजना वा कार्यक्रम छ ?<br>➢ कृषि अनुदान अन्तर्गत वितरण गरिने बिरुवाहरू किसानसम्म पुग्दा फल्ने स्थितिमा नहुने भएकोले धेरै परिमाणमा बाँड्नु भन्दा थोरै तर गुणस्तरीय बिरुवा बाँड्न किन सकिँदैन ?<br>➢ पालिका कार्यालयमा ९ वटा कार्यकक्षहरू (जस्तैः नाम्जुङ, मनकामना, बुंकोट कक्ष) देखिन्छन्। तर, त्यहाँको विशेषता झल्किने तस्बिर वा दृश्यहरू राखेर सजाउन सकेको छैन। त्यसो गर्न सके पहिचान झल्किन्थ्यो, आगामी कार्यक्रम के छ ? | ➢ पालिकाको ध्यानाकर्षण भएको छ। यसका लागि वडा अध्यक्षज्यूको नेतृत्वमा सार्वजनिक रूपमा स्थानीय समुदायलाई सहभागी गराएर सरसफाइमा ध्यान दिने योजना छ। कुनै एउटा निश्चित दिन तोकेर सबैलाई सक्रियतापूर्वक सरसफाइ कार्यक्रममा सहभागी गराउने गरी योजना बनाउने तयारी भइरहेको छ।<br>➢ नाम्जुङ सडकको हकमा सुरुमा ५ करोडको बजेट ३ वर्षको क्रमागत योजनाका रूपमा तय गरिएको थियो, जसअनुसार वार्षिक ३ करोड बजेट आउनुपर्ने थियो। तत्कालीन संघीय अन्तरिम सरकारले नीतिगत रूपमा ३ करोडभन्दा मुनिका बजेट पठाउनु त्रुटिपूर्ण रहेको भन्दै योजनाहरू कार्यान्वयन गर्न रोक लगाएकाले काम अघि बढ्न सकेन।<br>➢ समन्वय नै नभएको भन्ने छैन। हामीले समन्वय गरिरहेका छौं।<br>➢ वन क्षेत्रलाई व्यवस्थित र उत्पादनमुखी बनाउन यो वर्ष गाउँपालिका, जिल्ला वन कार्यालय र स्थानीय कृषकहरूको साझेदारीमा बक्राङमा प्राङ्गारिक मल उत्पादन केन्द्र स्थापना गरिएको छ, जसमा करिब ७ लाख रुपैयाँ लगानी भएको छ। यस्तै कार्यक्रम अन्यत्र पनि गर्ने योजना छ।<br>➢ कृषि अनुदान र बिरुवा वितरणलाई प्रभावकारी बनाउन प्रत्येक वडामा नर्सरी स्थापना गरी स्थानीयस्तरमै गुणस्तरीय बिरुवा उत्पादन र वितरण गर्ने योजना बनाइएको छ।<br>➢ कार्यकक्षहरूलाई साविकका वडाहरूको नामबाट नामकरण गरिएको छ। यसमा पहिचान थप्ने कुरा कार्य योजनामै रहेको छ र यसमा काम सुरु भइसकेको छ। |

| | | | |
|---|---|---|---|
| | | ➢ एक घर, एक धारा खानेपानी कार्यक्रम भए पनि कतिपय धारामा पानी नआउने समस्या रहेकोले यसलाई वास्तविक खानेपानी व्यवस्थापन कसरी गर्न सकिन्छ ? एक घर एक धारा, धारामा सँधै शुद्ध पानी भन्ने अभियान चलाउनुपर्यो ।<br>➢ योजना कार्यान्वयन गर्दा उपभोक्ता समितिहरू अलमलमा नपरून् भन्नका लागि योजना सुरु हुनु अगावै त्यसमा लाग्ने सामग्रीको परिमाण र प्राविधिक इस्टिमेट स्पष्ट रूपमा उपलब्ध गराउन किन सकिँदैन ?<br>➢ बाँदरका कारण फलफूल र खेतीबाली नष्ट भई मानिसहरू गाउँ नै छोड्न बाध्य भएकाले यसको समाधानका लागि के-कस्ता विकल्पहरू खोजी गरिँदै छ ?<br>➢ वडामा सडक छेउमा बिग्रेर अलपत्र अवस्थामा छाडिएको एम्बुलेन्सलाई कि त हटाउन, कि त ढाकेर राख्न वा स्वास्थ्य चौकीमा व्यवस्थापन गर्न के समस्या छ ? | ➢ नाम्जुङ खानेपानी र ढोके रहर खानेपानी योजनाहरूमा बजेट विनियोजन भए पनि केही प्राविधिक र व्यवस्थापकीय कारणले काम अलपत्र परेको थियो । खानेपानीको वास्तविक व्यवस्थापनका लागि सबैभन्दा पहिले खानेपानी उपभोक्ता समितिहरू दर्ता हुनुपर्छ । दर्ता भइसकेपछि उपभोक्ता समितिले प्यान नम्बर लिई आफ्नै नाममा विद्युत् मिटर राख्नुपर्छ । यसो गर्दा गण्डकी प्रदेश सरकारले लिफ्टिङ खानेपानीका लागि दिने विद्युत् महसुल छुटको सुविधा लिन सकिन्छ, जसले गर्दा खानेपानी योजना दिगो र नियमित हुन सक्छ ।<br>➢ अरु वडाहरुमा पहिले नै अभिमुखिकरण भएका छन् । अब यहाँ पनि अभिमुखिकरण गरेर जानकारी दिने योजना छ ।<br>➢ बाँदर आतंकको स्थायी समाधानका लागि बन्ध्याकरण गर्ने वा जंगलमा फलफूल रोप्ने जस्ता कुराहरू पूर्ण व्यावहारिक र पर्याप्त देखिएका छैनन् । त्यसैले, बाँदरलाई निश्चित संख्यामा मार्ने कानुनी नीति नै आवश्यक देखिन्छ । यो नीतिगत कुरा भएकोले स्थानीय सरकारले मात्र नभई संघीय तहबाटै सम्बोधन हुनुपर्छ ।<br>➢ सडक छेउमा बिग्रेको अवस्थामा रहेको एम्बुलेन्स मर्मत गर्न २ देखि ३ लाख रुपैयाँ लाग्ने र मर्मत गरे पनि यसको नियमित सञ्चालन खर्च धान्न गाह्रो हुने देखिएको छ । यसअघि नाम्जुङ मेडले चालकको तलब बेहोरेर चलाए पनि पछि यो घाटामा गएर थन्किएको हो । अब यसलाई तत्काल सुरक्षित स्थानमा ल्याएर थन्काइनेछ । |
| २. | **विष्णुकुमार श्रेष्ठ** | ➢ ढोके रह खानेपानी योजना ( गौरवको योजना) मा हरेक वर्ष बजेट पर्ने तर बजेट फ्रिज भएर काम नहुने समस्या छ । कहिले ६५ लाख, कहिले ८० लाख, कहिले ५६ लाख आउने र फ्रिज हुने गरेको छ । यसको सम्बोधन | ➢ सहिद लखन गाउँपालिकामा रहेका योजनाहरूमा यो ढोके रह खानेपानी योजना सबैभन्दा बढी समस्यामा रहेको आयोजना हो । यसको समाधानका लागि ठेकेदारसँगको पुरानो सम्झौता खारेज गर्नुपर्ने आवश्यकता छ । यो काम खानेपानी उपभोक्ता समिति आफैँले गर्नुपर्ने कानुनी |

| | | | |
|---|---|---|---|
| | | कसरी गरिन्छ र यसबारे पालिका अध्यक्षले के सोच्नुभएको छ ? | व्यवस्था रहेकोले पुरानो सम्झौता खारेज गरी नयाँ निर्माण पक्षलाई कामको जिम्मा दिने चरणमा पालिका रहेको छ। |
| ३. | **अचल गुरुङ** | ➢ सार्वजनिक सुनुवाइ जस्तो महत्वपूर्ण कार्यक्रममा सम्पूर्ण वडा अध्यक्षहरू र कार्यपालिकाका सदस्यहरू उपस्थित भएको देखिएन। जनप्रतिनिधि नै उपस्थित नहुने हो भने जवाफदेहिता पालिकाको मात्र हो कि वडा अध्यक्षहरूको पनि हो ? हामीले प्रश्न कसलाई गर्ने ?<br>➢ रासायनिक मल वितरणमा सहकारीलाई एक पटकमा १५-२० बोरा मात्र मल दिइन्छ। घैरुङमा १२ सयभन्दा बढी घरधुरी छन्। त्यो १९ बोरा मल कसलाई दिने ? किसानले सहकारीको टाउको खाने बेला भैसक्यो, यसको समाधान के हो ? यदी मल दिन सकिँदैन भने विक्री वितरणको जिम्मा सहकारीलाई नदिने नीति लिइयोस्।<br>➢ थोरै परिमाणमा मल ढुवानी गर्दा प्रतिबोरा ढुवानी भाडा असाध्यै महँगो पर्ने भएकोले कि त सहकारीलाई मल वितरणको जिम्मा नदिन वा पर्याप्त मात्रामा मल उपलब्ध गराउन किन सकिँदैन ? किसानलाई पनि महंगोमा बेच्नुपरेको छ।<br>➢ मनकामनाबाट गोरखाली मन्दिर पुग्ने पर्यटकीय मार्गमा टावरहरू बनेका छन्। तर, पुर्व योजना देखिएन। कतिपय ठाउँमा टावरसम्म पुग्ने बाटो, सिँढी, रेलिङ वा बस्ने चौतारा जस्ता न्यूनतम पूर्वाधार पनि छैन। योजना निर्माण | ➢ कार्यपालिका सदस्य तथा जनप्रतिनिधिहरूको अनुपस्थितिबारे उठेको प्रश्न अत्यन्तै जायज र गम्भीर छ। सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थित भई नागरिकप्रति जवाफदेही हुनु हरेक जनप्रतिनिधिको कर्तव्य हो। कार्यक्रमको पूर्वजानकारी कार्यपालिकाका सबै सदस्यहरूलाई गराइएको थियो। कुन कारणले उहाँहरू उपस्थित हुनुभएन भन्नेबारे बुझेर आगामी दिनमा अनिवार्य उपस्थित गराइनेछ।<br>➢ गाउँपालिकाले कुल ६०० मेट्रिक टन रासायनिक मल माग गरे पनि नेपाल सरकारबाटै पर्याप्त आपूर्ति हुन सकेको छैन। पालिकाभर हालै मात्र १३ टन मल प्राप्त भएको थियो। पालिकामा १२ वटा कृषि सहकारीहरू मल वितरणका लागि स्वीकृत रहेकाले प्राप्त मल समान रूपमा बाँड्दा प्रत्येक सहकारीको भागमा १५ देखि २० बोरा मात्र पर्न गएको हो। यो समस्या स्थानीय तहको नभई माथिल्लो निकायबाटै रासायनिक मलको राष्ट्रव्यापी अभाव र न्यून आपूर्तिको उपज हो।<br>➢ थोरै परिमाणमा मल ल्याउँदा प्रतिबोरा ढुवानी भाडा महँगो पर्न जानु वास्तविक समस्या हो। यसको समाधानका लागि पालिकाभित्रका १२ वटै कृषि सहकारीहरूले एकापसमा समन्वय र सहकार्य गरी एकै पटक ठूलो परिमाणमा मल ढुवानी गरेमा भाडा सस्तो पर्न जाने छ।<br>➢ भ्युटावर जाने पर्यटकीय मार्गमा सडक तथा न्यूनतम पूर्वाधारको कमी रहेको विषयमा पालिकाको ध्यानार्कषण भएको छ। भ्युटावरसम्म पुग्ने बाटो तथा अन्य न्यूनतम पूर्वाधार निर्माणका लागि गाउँपालिका र |

| | | | |
|---|---|---|---|
| | | गर्दा पूर्वाधारबारे पहिले नै निश्चित गरियोस् ।<br>➢ घैरुङ लिफ्ट खानेपानीको मुहान दूषित छ । त्यो पिउनै नमिल्ने पानी वितरण गरिएको छ । यसमा फिल्टर योजना विगत ४-५ वर्षदेखि बजेट अभावका कारण अपूर्ण भयो । पानी मात्रै दिने होइन, पिउन योग्य पानी पनि दिनुपर्यो । शुद्ध पिउने पानी पाउने नागरिकको सपना कहिले पूरा हुन्छ ? | स्थानीय समुदाय सबै मिलेर अघि बढ्नुपर्ने आवश्यकता छ ।<br>➢ घैरुङ क्षेत्रको लिफ्टिङ खानेपानी योजनाको समस्या समाधानका लागि पालिकाले निरन्तर काम गरिरहेको र यो योजना हाल अन्तिम चरणमा पुगेको छ । यस योजनामा रहेका बाँकी काम र समस्याहरूलाई चाँडै सुल्झाएर स्वच्छ खानेपानी वितरण सुचारु गर्न पालिका गम्भीर भएर लागेको छ । |
| ४. | **बुद्धिबहादुर खड्का** | ➢ बाँदरका कारण टोल बस्ती उजाड हुँदै गएको छ । वन्यजन्तुहरू गाउँ र घरसम्मै आउन थालेका छन् । यसको नियन्त्रणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी केही कानुन वा उपायहरू अवलम्बन गर्न पालिकाले के गरिरहेको छ ? पहिले त मार्न पाइन्थ्यो, बन्दुक पनि राख्न पाइन्थ्यो । अहिले त्यो सुविधा छैन । प्रशासनले बन्दुक खोसेर लैजान्छ । हामीलाई बसिखान दिएन बाँदरले ।<br>➢ नाम्जुङ वडामा २०३६ सालको नापी र हालको लालपुर्जाको कित्ता नम्बर नमिल्दा नक्सामा आफ्नो जग्गा अर्कै ठाउँमा देखिने गरेको छ । यसले गर्दा साह्रै दुख पाइएको छ । तिरो तिर्न र बैंकबाट ऋण लिन कठिनाइ भएको प्राविधिक समस्या देखिएको छ । यसको समाधानको केही उपाय छ कि छैन ? अमिन ल्याएर सबै जग्गाको पुनः कित्ताकाट गर्ने व्यवस्था होस् ।<br>➢ पहिरोको जोखिममा रहेको र उपयोगविहीन जग्गाको सरकारी | ➢ बाँदर आतंकको नियन्त्रणका लागि जंगलमा फलफूल रोप्ने वा बन्ध्याकरण गर्ने जस्ता उपायहरू वैज्ञानिक वा व्यावहारिक रूपमा पर्याप्त र प्रभावकारी छैनन् । यसको वास्तविक समाधान अष्ट्रेलियाले कङ्गारुको संख्या धेरै भएपछि नियन्त्रण गर्न निश्चित संख्यामा मार्ने नीति लिए जस्तै नेपालमा पनि निश्चित संख्यामा बाँदर मार्ने कानुनी नीति बनाउनु नै हो ।<br>➢ नागरिकहरूले झुत्रो र पुरानो लालपुर्जा ल्याउँदा कित्ता नम्बर पहिचान गर्न र जग्गा सडकमा परे-नपरेको यकिन गर्न गाह्रो भई कर (तिरो) निर्धारणमा कठिनाइ हुने गरेको छ । अर्को कुरा, प्राविधिक समस्या समाधानका लागि पालिकाले नापी र मालपोत कार्यालयसँग समन्वय गरी जग्गा वर्गीकरणको काम सम्पन्न गरिसकेको छ । कित्ताकाटका लागि के गर्न सकिन्छ, विचार गरौंला । नापी वा जग्गा वर्गीकरणमा केही त्रुटि वा फरक परेको भए ३५ दिनभित्र जिल्ला अदालतमा उजुरी दिने कानुनी व्यवस्था रहेकाले सोहीअनुसार सच्याउन सकिन्थ्यो । तर, त्यो अवधी पूरा भैसकेको छ ।<br>➢ जग्गाको सरकारी मूल्यांकन आर्थिक वर्ष २०७६ सालदेखि हालसम्म यथावत् राखिएको छ र यसमा कुनै थप वृद्धि |

| | | | |
|---|---|---|---|
| | | मूल्यांकन ६ लाखभन्दा बढी देखाइएको छ। तर वास्तविकतामा ३ लाखमा पनि बिक्री नहुने अवस्था रहेकोले अव्यावहारिक जग्गा वर्गीकरण र चर्को मूल्याङ्कन सच्याउनुपर्यो। जग्गा बर्गीकरणको नाममा उब्जाउ नहुने जमिनको पनि महंगो कर तिर्नुपरेको छ।<br>➢ वडा भित्र कतिवटा खानेपानीको मुहान छ, कतिवटा सडक र घरधुरी छ भन्ने कुराको प्राविधिक डाटा संकलन गरी आगामी ५ वर्षको योजना सोही आधारमा व्यवस्थित रूपले बनाउन किन सकिँदैन ?<br>➢ अहिले गाउँघरमा मानसिक समस्या बढ्दो छ। गाउँघरमा विभिन्न आश्वासनका कारण पनि मानिसहरू मानसिक रूपमा विचलित हुनबाट जोगिएका छन्। पालिकाले मनोपरामर्शका कार्यक्रमहरू सञ्चालन गर्न किन पहल गर्दैन ? सबै गाउँको साझा समस्या मनोसामाजिक हो जस्तो भएको छ। | गरिएको छैन। व्यवहारमा नागरिकहरूलाई विदेश जान वा सम्पत्ति विवरण बलियो देखाउनुपर्दा २ लाख पर्ने जग्गालाई पनि २० लाखको मूल्यांकन बनाइदिन अनुरोध गर्ने तर कर तिर्ने वा खरिदबिक्री गर्ने बेलामा मूल्यांकन बढी भयो भन्ने दोहोरो बुझाइ र आवश्यकता रहने गरेको छ। यद्यपि, मालपोतको मूल्यांकन भन्दा पालिकाको मूल्यांकन केही बढी भएको र यसले गर्दा जग्गा पास वा कारोबारमा केही कठिनाइ भएको सत्य हो। यसलाई घटाउने वा परिमार्जन गर्ने विषय कानुनी रूपमा त्यति सहज नभए पनि यसलाई व्यावहारिक बनाउन पालिकाले आवश्यक समन्वय र छलफल गर्नेछ।<br>➢ वडा भित्रका मुहान, सडक र घरधुरीको एकीकृत प्राविधिक डाटाबेस संकलन गर्ने योजना छ।<br>➢ मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्शको आवश्यकतालाई पालिकाले गम्भीरतापूर्वक लिएको छ। यसका लागि गाउँपालिकाले मनोसामाजिक परामर्शदाता भर्ना गरी कार्यक्रम सुरु गरेको थियो। यस क्षेत्रमा दक्ष जनशक्ति निकै कम हुने र अन्यत्र अवसर बढी पाउने भएकाले भर्ना गरिएका परामर्शदाताहरूले बीचमै जागिर छोड्ने समस्या रहेको छ। पुनः नियुक्तिको प्रक्रिया अन्तिम चरणमा पुगिसकेको छ, चाँडै नै पालिकाभर प्रभावकारी रूपमा सञ्चालन गरिने छ। |
| ५. | **राजेश थापा** | ➢ खिदार खोला खानेपानी आयोजनाको बजेट निकासा भए पनि योजना सम्पन्न नभएको, पाइपहरू अलपत्र छोडिएको छ। उपभोक्ता घर धुरी पनि घटेको अवस्थामा समेत पानी खान पाइएन। यो योजना हस्तान्तरण भएको हो कि होइन ? निर्माण व्यवसायीले के गरिरहेका छन् ? | ➢ कानुनी रूपमा योजना सम्पन्न नभए पनि मूल दर्ता प्रक्रिया अघि बढाउन सकिन्छ। खानेपानी वितरण र व्यवस्थापनलाई व्यवस्थित बनाउन उपभोक्ता समिति तथा स्थानीय बासिन्दाहरू सक्रिय भई मुहान दर्ताको प्रक्रियामा लाग्नुपर्ने छ। त्यसपछि मात्र योजनाको दिगो सञ्चालन र औपचारिक हस्तान्तरणको प्रक्रिया सहज हुनेछ। तपाईंहरुले पनि सहयोग गर्नुपर्यो। |

| | | | |
|---|---|---|---|
| | | ➢ नाम्जुङको एम्बुलेन्स अहिले रामभन्ज्याङको चौतारामा अलपत्र अवस्थामा थन्किएको छ। यो एम्बुलेन्सलाई तत्काल सञ्चालन वा व्यवस्थापन गर्न किन सकिँदैन ? पालिकाले के योजना बनाएको छ ? कि त्यत्तिकै छोडिदिने हो ?<br>➢ बदेलीको सडक पिच गर्न संघीय सरकारबाट आएको बजेट स्वीकृत भइसकेको भए पनि हालसम्म काम सुरु हुन सकेको छैन। बजेटबारे के अलमल हो ? काम सुरु नभएको कारण के हो ?<br>➢ धुसेनीमा पालिकाद्वारा गठित कृषि समूहका अध्यक्षले राजीनामा दिएपछि समूह निष्क्रिय बनेको छ। कृषि सामग्रीहरू अलपत्र परेकाले उक्त समूहलाई कहिले पुनर्गठन गरिन्छ ? कि त्यसलाई सक्रिय बनाइयोस्, नत्र नयाँ समिति बनाउने गरी आह्वान होस् | ➢ यो एम्बुलेन्स मर्मत गर्न २ देखि ३ लाख रुपैयाँ लाग्ने र यसको नियमित आय निकै न्यून भएकाले मर्मत र सञ्चालनमा उदासीनता देखिएको हो। यसअघि नाम्जुङ मेडमार्फत चालकको तलब बेहोरेर केही समय सञ्चालन गरिए पनि चालक तथा आर्थिक व्यवस्थापनको विवादका कारण यो थन्किन पुगेको हो।<br>➢ यो सडकमा अहिले बजेट छैन। पहिले ३ करोड थियो, अन्तरिम सरकारको बेलामा कटौति भयो। क्रमागत योजनामा बजेट नीतिगत कारणले रोकिएको हो।<br>➢ कृषि समूहभित्रका सदस्यहरूबीच आपसी असमझदारी र बुझाइको कमीका कारण यो समूह निष्क्रिय बन्न पुगेको हो। हाल यस समूहको पुनर्गठनका लागि छलफल भैरहेको छ। पुनर्गठनको नयाँ प्रक्रिया अघि बढेसँगै उचित व्यवस्थापन हुने विश्वास छ। |
| ६. | **रामप्रसाद लामिछाने** | ➢ जग्गा बर्गीकरणले धेरै दुख पाइएको छ। फिल्डमा एउटाले कमाइरहेको छ, लालपुर्जामा अर्कैको नाम हुन्छ। जग्गाको स्वामित्व एउटाको तर दर्ता अर्कैको नाममा हुने प्राविधिक गल्ती सच्याउन र जग्गाको कित्ताकाट तथा नापी नक्सा सुधार गर्न पालिकाले के योजना बनाएको छ ?<br>➢ फुजेल खोला लिफ्ट खानेपानी योजना सफल भए पुरै गाउँपालिकालाई पानी पुग्थ्यो। तर, बर्सेनि यसको बजेट आउँछ, काम नभई फ्रिज भैरहेको छ। यसलाई सफल बनाउन पालिकाले जोड दिनुपर्यो। अनावश्यक रुपमा धेरै आयोजना सञ्चालन गर्नुभन्दा | ➢ यो समस्या जटिल र प्राविधिक खालको छ। स्वामित्व विवादलाई समाधान गर्न गाउँपालिकाले नापी र मालपोत कार्यालयसँगको समन्वयमा जग्गा वर्गीकरणको काम सम्पन्न गरिसकेको छ। त्यसमा पनि अहिले प्रश्न आइरहेको छ। नापी वा वर्गीकरणका क्रममा कुनै त्रुटि वा अमिलान भएको भए यसको पनि प्रक्रिया छ, त्यो पूरा गरेर कार्यान्वयनमा लैजानुपर्छ।<br>➢ यो लिफ्टिङ खानेपानीका योजनाहरू सफल बनाउन र बजेट खेर जान नदिन पालिकाले जोड दिएकै छ। प्रदेश सरकारसँग पनि समन्वय भएको छ। लिफ्ट खानेपानीका मेसिनहरू चलाउन अत्यधिक विद्युत् खर्च लाग्ने र सञ्चालन खर्च धान्न नसकी योजनाहरू अलपत्र पर्ने वा बजेट फ्रिज हुने समस्या रोक्न उपभोक्ता समिति आफैं सक्रिय हुनुपर्छ। यसका लागि उपभोक्ता |

| | | | |
|---|---|---|---|
| | | एउटै आयोजना पूरा गर्नेतर्फ जोड दिइयोस् । | समितिले खानेपानी मुहान दर्ता गरी विद्युत् मिटर लिए गण्डकी प्रदेश सरकारले उपलब्ध गराउने विद्युत् महसुल छुटको सुविधा लिन सकिन्छ । |
| ७. | **धर्मजंग थापा** | ➢ सडक खन्दा प्राविधिकहरूले मात्र सर्भे गर्दा मोडहरू नमिल्ने र बस्ती जोखिममा पर्ने गरेका छन् । सर्भेमा स्थानीय बासिन्दालाई अनिवार्य सहभागी गराउनुपर्यो । स्थानीयलाई थाहा भएको विषयमा इन्जिनियरलाई पनि थाहा हुँदैन । यसले गर्दा धेरैतिर जोखिम बढाएको छ ।<br>➢ मैलुङबाट काठमाडौँ चल्ने बस सेवा व्यवसायीको मनोमानीले गर्दा बिरामी बोक्न समेत समस्या परेको छ । यात्रु भए चलाउने नत्र नचलाउने समस्या छ । यसले गर्दा नियमित आउजाउ गर्नेले समस्या भोग्नुपरेको छ । पालिकाले ख्याल गरोस् । | ➢ अत्यन्तै राम्रो र व्यावहारिक सुझाव हो । प्राविधिकहरूले मात्र सर्भे गर्दा स्थानीय भौगोलिक बनोट र संवेदनशीलताको पूर्ण ज्ञान नहुनाले कतिपय सडकका मोडहरू नमिल्ने र संरचना बिग्रिने गरेको छ । आगामी दिनमा सडक सर्भे गर्दा वा यस्ता प्राविधिक योजनाहरू बनाउँदा स्थानीय जनतालाई सूचना दिई उनीहरूको सल्लाह र सहभागिता सुनिश्चित गरिनेछ ।<br>➢ यस क्षेत्रमा पृथ्वी यातायात र दरौँदी यातायात व्यवसायीहरूको सिन्डिकेट छ । एकाधिकारलाई तोक्न र यातायात सेवालाई नियमित गराउन पालिकाले नयाँ व्यवसायीहरूलाई पनि प्रोत्साहन गरिरहेको छ । नयाँ व्यवसायीहरूले थप गाडी सञ्चालनका लागि प्रक्रिया अघि बढाएमा समस्या आफै हल भएर जाने छ । |
| ८. | **भूमिनन्द ढकाल** | ➢ कृषि प्राविधिकहरू वडा वा किसानसम्म नपुग्ने समस्या समाधान गरी कृषि क्षेत्रका समस्या समाधान गर्न के-कस्तो कदम चालिन्छ ?<br>➢ प्रदेश सरकार र खानेपानी डिभिजनका योजनाहरूमा स्थानीय तह (वडा वा पालिका) को निगरानी नहुँदा काम लथालिङ्ग हुने र ठेकेदारले मनोमानी गर्ने प्रवृत्तिलाई रोक्न ती योजनाहरू कसरी पालिका मातहत ल्याउन सकिन्छ ?<br>➢ बाँदरले नोक्सान नगर्ने वैकल्पिक बालीहरू के-के छन्, त्यसको पहिचान गरेर सो सम्बन्धी खेती गर्न किसानहरूलाई तालिम र | ➢ पशु सेवातर्फका प्राविधिकहरू नियमित रूपमा खटिए पनि कृषि प्राविधिकहरू वडा वा किसानसम्म नपुगेको गुनासो प्राप्त भएको छ । यसलाई सुधार्न र आगामी दिनमा कृषि प्राविधिकहरू आफैँ वडा र किसानको खेतबारीसम्म सक्रिय रूपमा पुग्ने व्यवस्था मिलाउन शाखा प्रमुखलाई निर्देशन दिइन्छ ।<br>➢ प्रदेश वा सङ्घीय सरकारका ठूला योजनाहरूको ठेक्का प्रक्रिया र बजेट पालिका मातहत सिधै नहुँदा केही प्राविधिक र व्यवस्थापकीय जटिलताहरू सिर्जना भएका छन् । यसलाई व्यवस्थित गर्न र ठेकेदारको मनोमानी रोक्न पालिकाले वडा स्तरीय र पालिका स्तरीय अनुगमन समितिहरू सक्रिय बनाएको छ ।<br>➢ बाँदर आतंक नियन्त्रणका लागि बाँदरले नोक्सान नगर्ने वैकल्पिक बालीका रूपमा |

| | | | |
|---|---|---|---|
| | | प्रोत्साहनको व्यवस्था किन नगरिएको हो ?<br>➢ अनलाइन फारम भर्दा नक्सा र कम्प्युटर विवरण नमिल्ने झन्झटका कारण किसानले जग्गाको मालपोत तिर्न नसकेको समस्या समाधान गर्न पालिकाले सहयोगका लागि कर्मचारी खटाउन सक्छ कि सक्दैन ?<br>➢ पशु बिमा प्रक्रिया किसानका लागि निकै झन्झटिलो भएकोले यसलाई सरल र प्रभावकारी बनाउन के गर्न सकिन्छ ?<br>➢ नाम्जुङको हकमा हिजोको गाविस सँग जग्गा खरिद गरेर घर बनाएका थियौं । त्यो पनि राज्यसँगै खरिद गरिएको हो । अहिले ति घरका धनीहरु अन्यौलमा छन् । सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको घर संघीय सरकारको नीति बमोजिम भत्काउने त्रास रहेकोले यसमा पालिकाको स्पष्ट धारणा के छ ? यसको समाधान बैज्ञानिक हिसावले गरियोस् ।<br>➢ कतिपय योजनाहरुमा उपभोक्ता समिति गठन गरेर सम्झौता गर्ने तर भित्रभित्रै निश्चित ठेकेदारलाई काम सुम्पने गलत परम्परा छ । यो कानूनतः गर्न पाइन्छ कि पाईंदैन ? पाइँदैन भने रोक्न पालिकाले के कदम चाल्छ ? | कागूनो खेती उपयुक्त र प्रभावकारी देखिएको छ । यसअघि नै करिब १५० केजी कागूनोको बीउ ल्याएर वितरण गर्ने प्रयास गरेको थियो, किसानहरूले यसलाई व्यापक रूपमा अपनाउन सकेनन् ।<br>➢ मालपोत र नापीका नक्सा तथा कम्प्युटर विवरणहरू अनलाइन प्रणालीमा दर्ता गर्दा प्राविधिक अमिलान हुने र सर्भर वा इन्टरनेट नचल्दा मालपोत (कर) तिर्न समस्या हुने गरेको सत्य हो । तत्काल समाधानका लागि पालिकाले नापी र मालपोत कार्यालयसँग समन्वय गर्ने छ ।<br>➢ पशु बिमा प्रक्रियामा किसानहरूले भोग्नुपरेका झन्झट र प्राविधिक कठिनाइहरूबारे पालिका जानकार छ । यसलाई थप सरल, सुलभ र प्रभावकारी बनाउन पालिकाले कृषि तथा पशु सेवा शाखामार्फत बिमा प्रक्रियाका कानुनी तथा प्रशासनिक झन्झटहरूलाई न्यूनीकरण गर्न समन्वय गरिरहेको छ ।<br>➢ यस विषयमा त्रसित वा आतंकित हुनुपर्दैन । हिजो तत्कालीन गाउँ विकास समिति वा प्रधानपञ्चले विद्यालय सञ्चालन गर्ने वा विकास निर्माणका लागि रसिद काटेरै शुल्क लिई यहाँको जमिन बाँडेका हुन् र हिजोको त्यो निर्णय पनि सरकारी नै हो । पालिकाले यस क्षेत्रका कुल करिब ३०० घरधुरी अव्यवस्थित बसोबासीहरूको तीन पटकसम्म सूचना जारी गरेर सुरक्षित रूपमा तथ्याङ्क संकलन गरिसकेको छ र यो विवरण सुकुम्बासी आयोगमा पठाइएको छ । संघीय सरकारले पनि यसै तथ्यांकलाई आधार मानेर लालपुर्जा वितरणको कानुनी निर्णय गर्ने भएकाले कसैको पनि घर भत्किने त्रास नरहेको र पालिका नागरिकको पक्षमा दृढ रहेको छ ।<br>➢ गलत परिपाटीलाई निरुत्साहित गर्न पालिका सजग छ । यसलाई नियन्त्रण गर्न र उपभोक्ता समिति आफैँले प्रत्यक्ष र पारदर्शी |

| | | | |
|---|---|---|---|
| | | | रूपमा काम गरोस् भन्नका लागि पालिकाले उपभोक्ता समितिभित्रै एउटा छुट्टै अनुगमन उपसमिति गठन गर्ने व्यवस्था गरेको छ। स्थानीय बासिन्दाहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाइएको छ, यहाँहरुले पनि सहयोग गर्नुपर्यो। |
| ९. | **रमेश लामिछाने** | ➢ गोरखा बजारदेखि हाम्रो पालिकासम्मको सडक पक्की भैसकेको छ। तर, पनि यातायात व्यवसायीले अझै कच्ची सडककै दरमा चर्को भाडा उठाइरहेको छ। यस विषयमा पालिकाले अनुगमन र भाडादर समायोजन गर्न के पहल गरिरहेको छ ? | ➢ यो विषयमा हामी यातायात व्यवसायीसँग समन्वय गर्छौं। छिटै बैठक बसेर एउटा निर्णय गरिनेछ। तपाईंले भनेजस्तो गुनासो धेरैतिरबाट आइरहेको छ। यसो सम्बोधन हुन्छ। सबै यातायात व्यवसायीसँग कुराकानी गर्छौं र नागरिकलाई सहुलियत दिने कुरामा पालिका प्रतिबद्ध छ। |
| १०. | **नाम नखुलेको** | ➢ जनशक्ति माध्यमिक विद्यालय परिसरभित्र रहेको जोखिमपूर्ण विद्युतीय ट्रान्सफर्मर सार्न वडा र विद्यालयको सिफारिस सहित विद्युत प्राधिकरणमा धाउँदा पनि आनाकानी भइरहेको छ। यसलाई सार्न पालिकाले के पहल गर्छ ? दुर्घटना हुने जोखिम छ, बेलैमा ध्यान पुगोस्।<br>➢ सामाजिक सुरक्षा भत्ता बढेर ६,००० पुगेको भनी साउन १ देखि लागू हुने हल्ला सामाजिक सञ्जालमा फैलिएको छ। यो कुरा सत्य हो कि झुटो हो ?<br>➢ स्थानीय तहका योजना सञ्चालन गर्दा दहत्तर बहत्तरको कर तिर्नुपर्छ। तर, संघ र प्रदेशका योजनामा त्यो कर लिने गरेको छ कि छैन ? धेरै योजनामा चुहावट भैरहेको भन्ने सुनिएको छ, वास्तविकता के हो ? | ➢ यसमा हाम्रो ध्यानाकर्षण भएको छ। विद्यालय र बालबालिकाहरूको सुरक्षासँग जोडिएको यस्तो संवेदनशील र जोखिमपूर्ण समस्याका सन्दर्भमा वडा र विद्यालयको सिफारिस प्राप्त भइसकेपछि पालिकाले नेपाल विद्युत् प्राधिकरणको स्थानीय शाखासँग तत्काल आवश्यक समन्वय र ताकेता गरी उक्त ट्रान्सफर्मर सुरक्षित स्थानमा सार्नका लागि आवश्यक प्रशासनिक पहलकदमी चाल्नेछ।<br>➢ यो कुरा पूर्ण रूपमा निराधार र झुटो हो। सामाजिक सुरक्षा भत्ता बढेको छैन। यसमा कुनै दुबिधामा जानु पर्दैन, यथावत् नै छ।<br>➢ प्राकृतिक स्रोत प्रयोग गर्दा अनिवार्य रूपमा दहत्तर बहत्तरको राजस्व तिर्नुपर्ने कानुनी व्यवस्था छ। कर तिरेपछि मात्रै योजनाहरूले ती निर्माण सामग्रीहरू प्रयोग गर्न पाउँछन्। माथिल्ला निकायका आयोजनामा पनि कर लिन हामीले ताकेता गरेका छौं। |

# अध्याय ६ः विश्लेषण तथा निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति विवरण, नागरिक सन्तुष्टि सर्वेक्षणको नतिजा र वडा नं. ९ नामजुङमा आयोजित खुला बहसमा व्यक्त भएका जनआवाजहरूको गम्भीर समीक्षा र विषयगत विश्लेषण गर्दा गाउँपालिकाको समग्र विकास र सुशासनको अवस्था देहाय बमोजिम पाइएको छः

### ६.१ सबल पक्ष तथा प्रमुख वार्षिक उपलब्धिहरू

**१. भ्रष्टाचारमुक्त शासनको प्रत्याभूतिः** नागरिक सन्तुष्टि सर्वेक्षणमा शतप्रतिशत (१००%) सेवाग्राहीले अतिरिक्त रकम वा घुस तिर्नु नपरेको भनी दिएको मत शहिद लखन गाउँपालिकाको सुशासनको सबैभन्दा बलियो जग हो। यसले पालिकाको प्रशासनिक पारदर्शितालाई उच्च प्रमाणित गरेको छ।

**२. राजस्व आत्मनिर्भरता र कानुनी सुदृढीकरणः** आन्तरिक राजस्व संकलनमा लक्ष्यको १०३.११% प्रगति (रु. २ करोड ५० लाखभन्दा बढी संकलन) हुनु र हालसम्म १४१ वटा कानुनहरू निर्माण भई स्थानीय सरकार सञ्चालनलाई नीतिगत रूपमा बाँध्न सक्नु पालिकाको ठुलो संस्थागत सबल हो।

**३. सामाजिक सुरक्षा र वित्तीय अनुशासनः** ४,६०० भन्दा बढी जेष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई बैंकिङ प्रणालीमार्फत वडा-वडाबाटै पारदर्शी रूपमा सामाजिक सुरक्षा भत्ता वितरण गरिनु र वार्षिक बजेटको ८०.१८% वित्तीय प्रगति हुनु पालिकाको वित्तीय अनुशासनको सबल पक्ष हो।

### ६.२ कमजोर पक्ष तथा विद्यमान चुनौतीहरूको समीक्षा

नागरिकहरूले पोखेका आक्रोश र व्यावहारिक सास्तीहरूलाई सुक्ष्म रूपमा विश्लेषण गर्दा गाउँपालिकाका देहायका पाँचवटा क्षेत्रमा गम्भीर चुनौती र व्यवस्थापकीय कमजोरीहरू देखा परेका छन्ः

#### क) जनसांख्यिकीय संकटः वन्यजन्तु आतंक र बसाइँसराइको अन्तरसम्बन्ध

वार्षिक व्यक्तिगत घटना दर्ताको तथ्याङ्कले गाउँपालिकाभित्र बसाइँसराइ आउने ११ वटा दर्ता (३७ जना) मात्र हुँदा बसाइँसराइ जाने ८० वटा दर्ता (२७२ जना) भएको डरलाग्दो चित्र देखाउँछ। खुला बहसमा साबित, साल्पर र नामजुङका नागरिकहरूले उठाएको सवाल अनुसार बसाइँसराइको मुख्य कारक तत्व विकासको अभाव नभई बाँदर र वन्यजन्तुको प्रकोप हो।

**विश्लेषणः** द्वन्द्वकालीन र शान्ति सम्झौतापछिको कानुनी व्यवस्थाका कारण गाउँका भरुवा बन्दुकहरू प्रशासनले संकलन गरेपछि वन्यजन्तुहरू मानिससँग नडराउने भएका छन्। बाँदरले लिची, मकै र आलुबाली पूर्ण रूपमा नष्ट गरिदिएका छन्। यसले गर्दा मानिसहरू गाउँमा खेतीपाती र सुरक्षा नदेखेर सहर पलायन भइरहेका छन्। गाउँपालिकाले ठुला सडक र भवन मात्र बनाउने तर किसानको बाली र जिउधन जोगाउने वन्यजन्तु नियन्त्रण नीतिमा बजेट नथप्ने हो भने आगामी वर्षहरूमा गाउँहरू वृद्धाश्रममा परिणत हुने र विद्यालयहरू रित्तिने निश्चित छ।

#### ख) पूर्वाधार र आयोजना व्यवस्थापनमा चरम ढिलासुस्ती तथा बजेट फ्रिज

- ✓ नागरिकहरूले उठाएको एक घर एक धारा अभियान सुन्दा राम्रो भए पनि व्यावहारिक रूपमा धारा छ तर पानी छैन भन्ने अवस्था नामजुङमा व्याप्त छ।
- ✓ खिनाल खोला खानेपानी आयोजनाको प्रगति लामो समयदेखि अलपत्र छ। सडकमा जी.आई. पाइपहरू मिल्काइएका छन्। बसाइँसराइले गर्दा उपभोक्ता १७० घरधुरीबाट घटेर १०५ मा झरिसकेका

छन् । पानी वितरण नहुँदा पनि उपभोक्ताले मासिक २०० रुपैयाँ महसुल तिर्नुपरेको छ । त्यस्तै धोकेरह खानेपानी आयोजनामा बर्सेनि बजेट विनियोजन हुने तर काम सम्पन्न नभई बजेट फ्रिज हुने चक्र चलिरहेको छ । यो आयोजनाहरूको प्राविधिक इस्टिमेशन र सम्झौता प्रक्रियामा रहेको फितलोपन, उपभोक्ता समिति वा ठेकेदारको लापरबाही र पालिकाको कमजोर प्राविधिक अनुगमनको ज्वलन्त उदाहरण हो ।

**ग) भू-स्वामित्व, नक्साङ्कन र व्यावहारिक जग्गा मूल्याङ्कनको विसङ्गति**

भूमि र जग्गा प्रशासन मालपोत र नापी विभागको क्षेत्राधिकारमा रहे पनि स्थानीय तहमा यसले नागरिकलाई चरम सास्ती दिएको छ, जसबारे बहसमा कडा आवाज उठेको छ ।

**विश्लेषणः** साविकको ३६ सालको पुरानो नापीको नक्सा र नयाँ कम्प्युटर प्रणालीबिचको कित्ताकाट नमिल्दा बैंकबाट कर्जा लिन खोज्दा अर्कै जग्गा देखाइदिने जस्ता गम्भीर प्राविधिक त्रुटिहरू छन् । अझ विसङ्गति त जग्गा मूल्याङ्कनमा छ, पहिरो जान लागेको वा भीरको जग्गा, त्यस्तो जग्गा अंशबन्डा वा नामसारी गर्दा सरकारी मूल्याङ्कन अत्यधिक देखाई कर असुल गरिन्छ । यसले आफ्नै थातथलोमा बस्ने नागरिकलाई करको चर्को मारमा पारेको छ । यसले मालपोत र नापीका प्राविधिकहरू र पालिकाबिच समन्वयको अभाव रहेको पुष्टि गर्दछ ।

**घ) उपभोक्ता समितिको ठेक्काकरण र अनुगमनको अभाव**

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय उपभोक्ताहरूको अपनत्व बढाउन उपभोक्ता समितिमार्फत काम गराउने परिकल्पना गरे पनि व्यवहारमा उपभोक्ता समितिहरू नाम मात्रका भएका छन् ।

**विश्लेषणः** उपभोक्ता समिति गठन गरिन्छ तर काम अदृश्य रूपमा ठेकेदारलाई सुम्पिइन्छ । ठेकेदारले नाफा कमाउने उद्देश्यले ढलान गर्दा कमसल ढुङ्गा र कम सिमेन्टको मसला प्रयोग गर्ने गरेका छन्, जसले गर्दा सडक तथा भवनको टिकाउपन घटेको छ । इन्जिनियर वा सब-इन्जिनियरहरूले योजनाको स्टिमेट र दररेट उपभोक्ता समितिलाई पहिल्यै नबुझाउँदा र नापजाँच (मेजरमेन्ट) को बेला मात्र त्रुटिहरू निकाल्दा भुक्तानी लिन उपभोक्ताले सास्ती खेप्नुपरेको छ । यसले प्राविधिकहरूको फिल्ड उपस्थिति कमजोर रहेको देखाउँछ ।

**ङ) साधन-स्रोतको दुरुपयोग र समन्वयहीनता**

- ✓ **एम्बुलेन्सको दुर्दशाः** गाउँपालिका मातहत रहेको एम्बुलेन्स बिग्रिएपछि रामभञ्ज्याङ चौतारामा कन्टेनरभित्र फोहोर जस्तै थन्काएर राखिएको छ । तर, नागरिकहरू बिरामी पर्दा महँगो भाडा तिरेर ट्याक्सीमा गोरखा बजार वा काठमाडौँ जान बाध्य छन् । करोडौँको सरकारी सम्पत्तिको यसरी बेवास्ता हुनु प्रशासनिक शिथिलताको नमुना हो ।
- ✓ **रासायनिक मल र सहकारीको असमञ्जस्यताः** हजारौं घरधुरी भएका सहकारीलाई केही बोरा मल दिनु भनेको वितरण प्रणालीलाई मजाक बनाउनु हो । यसले गाउँपालिकाको कृषि मन्त्रालय र सङ्घीय सरकारसँगको समन्वय कमजोर छ भन्ने देखाउँछ । कतिपय अवस्थामा पालिकाले माग गरेपनि संघ सरकारले मल उपलब्ध गराउन नसक्नदा नागरिकहरु पीडामा परेका छन् ।

## ६.३ निष्कर्ष

सहिद लखन गाउँपालिका भौतिक पूर्वाधार र कागजी कानुन निर्माणमा अब्बल देखिए पनि मानिस विनाको भौतिक पूर्वाधार र जनशून्य गाउँ बन्ने दिशामा छ । गाउँमा पक्की सडक, भव्य भवन र भ्यू टावर बने पनि बाँदर आतंकले गर्दा मानिस बस्ने वातावरण बनेन र खानेपानीको अभाव कायमै रह्यो भने त्यो विकासको कुनै अर्थ रहँदैन भन्ने गम्भीर घण्टी यस सार्वजनिक सुनुवाइले बजाएको छ ।

अतः गाउँपालिकाले अब ठुला सडक र भौतिक संरचनामा मात्र बजेट खन्याउने परम्परागत शैलीलाई बदलेर बाँदर आतंक नियन्त्रण, लिफ्ट खानेपानीको स्थायी समाधान, जग्गा नक्साङ्कनको सरलीकरण र स्थानीय उत्पादनको बजारीकरणतर्फ आफ्नो वार्षिक नीति र बजेटलाई केन्द्रित गर्नुपर्दछ। नागरिकले खोजेको बाटोमा पीच मात्र होइन, बालीको सुरक्षा, पिउने पानी, समयमा मल र आफ्नै थातथलोमा आत्मसम्मानका साथ बाँच्ने वातावरण हो भन्ने मर्मलाई आत्मसात् गर्नु नै शहिद लखन गाउँपालिकाको अबको निर्विकल्प कार्यदिशा हुनुपर्दछ।

# अध्याय ७ः सुझाव तथा भावी कार्यदिशा

शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यसम्पादन र वडा नं. ९ नामजुङमा सञ्चालित खुला बहसमा आम नागरिकले उठाएका सघन सवालहरूको जगमा पालिकाको आगामी यात्रालाई जनमुखी, नतिजामुखी र दिगो बनाउन देहाय बमोजिमका नीतिगत, कार्यान्वयनगत र क्षेत्रगत सुधारका सुझावहरू एवं भावी कार्यदिशा प्रस्ताव गरिएको छः

### ७.१ नीतिगत सुधारका सुझावहरू

### १. वन्यजन्तु नियन्त्रण तथा वैकल्पिक कृषि नीति

- ✓ **वार्षिक नीतिमा परिवर्तनः** बाँदर, बँदेल र चितुवा आतंकका कारण सिर्जित तीव्र बसाइँसराइ रोक्न परम्परागत खाद्यान्न बालीको सट्टा बाँदर-बँदेलले नोक्सान नगर्ने वैकल्पिक बाली पकेट क्षेत्र नीति अंगीकार गरियोस्।
- ✓ **वैकल्पिक बाली प्रवर्धनः** बाँदरले नोक्सान नगर्ने बेसार, अदुवा, कागती, कफी, टिमुर, ओखर, केराउ र औषधीय जडीबुटी खेतीका लागि कृषकहरूलाई ५०% देखि ७५% सम्मको सघन अनुदान, निःशुल्क बिउविजन र प्रविधिको प्याकेज नीतिगत रूपमै व्यवस्था गरियोस्।
- ✓ **क्षतिपूर्ति तथा कानुनी लबिङः** सङ्घीय गृह प्रशासनद्वारा जफत गरिएका इजाजतप्राप्त भरुवा बन्दुकका कारण किसान असुरक्षित भई खेती नष्ट भएको संवेदनशील यथार्थलाई मध्यनजर गर्दै, बाली सुरक्षाका लागि सामूहिक विद्युतीय/सौर्य तारबार र बाली बिमा योजनालाई अनिवार्य नीति बनाइयोस्।

### २. व्यावहारिक भू-मूल्याङ्कन तथा मालपोत कर सुधार नीति

- ✓ **जग्गा मूल्याङ्कनको व्यावहारिक पुनरावलोकनः** पहिरोजन्य, भीर तथा गैह्र-व्यावसायिक जग्गाको सरकारी मूल्याङ्कन अनपेक्षित रूपमा उच्च हुँदा (३ लाखको जग्गामा ६ लाख ८२ हजारसम्म कर) पारिवारिक अंशबन्डा र नामसारीमा नागरिकले भोग्नुपरेको आर्थिक सास्तीलाई सम्बोधन गर्न, पालिकाले दररेट निर्धारण समितिमा व्यावहारिक मूल्याङ्कनका लागि तत्काल नीतिगत सिफारिस पठाओस्।
- ✓ **गाविसकालीन बस्ती र सुकुम्वासी संरक्षणः** साविक गाविसको पालामा कानुनी प्रक्रिया पुऱ्याएर रसिद लिई बसेका भूमिहीन, सुकुम्वासी वा अव्यवस्थित बसोबासीका घरटहराहरू राष्ट्रिय वनक्षेत्र वा अन्य बहानामा नभत्काई, राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी उनीहरूको लालपुर्जा सुनिश्चित गर्ने नीतिगत नीति तय गरियोस्।

### ३. योजना छनोट र बजेट तर्जुमा प्रणालीमा परिवर्तन

- ✓ **एकीकृत वडा विकास गुरुयोजनाः** वडा नं. ९ नामजुङ लगायतका भौगोलिक विकटता भएका वडाहरूमा बर्सेनि टुक्रे योजना छनोट गर्ने परिपाटी अन्त्य गरी, खानेपानी, सडक, बस्ती र सिँचाइको अवस्था समेटिएको ५ वर्षे एकीकृत गुरुयोजना निर्माण गरी सोही आधारमा मात्र बजेट विनियोजन गर्ने नीति लिइयोस् ।
- ✓ **ग्र्याभिटी खानेपानीलाई प्राथमिकताः** महँगो सञ्चालन खर्च र मेसिन बिग्रिरहने समस्या भएका लिफ्ट खानेपानी भन्दा कम खर्चिलो र दिगो हुने गुरुत्व बल (ग्र्याभिटी) मा आधारित खानेपानी तथा सिँचाइ योजनाहरूलाई पहिलो प्राथमिकता दिने नीतिगत व्यवस्था होस् ।

## ७.२ कार्यान्वयनगत सुधारका सुझावहरू

### १. आयोजना व्यवस्थापन र खानेपानीको दिगो सञ्चालन

- ✓ **खिनाल खोला खानेपानीको तत्काल निकासः** अलपत्र अवस्थामा रहेको खिनाल खोला लिफ्ट खानेपानी आयोजनाको भौतिक काम तत्काल सम्पन्न गरी, फिल्टर प्लान्ट व्यवस्थित गर्दै पानीलाई पिउनयोग्य बनाइयोस् । पाइपलाइन सुव्यवस्थित गरी न्यूनतम महसुल दर (रु. २००/-) लाई उपभोक्ता मैत्री हुने गरी पुनरावलोकन गरेर तत्काल उपभोक्ता समितिलाई हस्तान्तरण गरियोस् ।
- ✓ **बजेट फ्रिज प्रणालीको अन्त्यः** ढोकेरह खानेपानी आयोजनामा प्रत्येक वर्ष बजेट विनियोजन हुने तर काम नभई बजेट फ्रिज हुने (यस वर्ष ५६ लाख फ्रिज भएको) चरम प्रशासनिक तथा उपभोक्ता समितिको ढिलासुस्तीलाई सम्बोधन गर्न, मासिक माइलस्टोन तोकेर अनुगमनको व्यवस्था मिलाइयोस् ।

### २. उपभोक्ता समितिको नियमन र प्राविधिक उत्तरदायित्व

- ✓ **स्टिमेट र दररेटको पूर्व-हस्तान्तरणः** उपभोक्ता समितिसँग योजना सम्झौता हुनासाथ प्राविधिक इस्टिमेट, लागत विवरण र नापजाँच (मेजरमेन्ट) को प्रतिलिपि अनिवार्य रूपमा समितिलाई बुझाउने प्रणाली लागू गरियोस् ताकि भुक्तानीको समयमा प्राविधिकहरूले दुःख दिने अवस्था नरहोस् ।
- ✓ **ढलान र निर्माणको गुणस्तर नियन्त्रणः** ठेकेदारमार्फत कमसल ढुङ्गा प्रयोग गरी हुने गुणस्तरहीन ढलान कार्य रोक्न गाउँपालिकाका सब-इन्जिनियरहरूको दैनिक सुपरभिजन अनिवार्य गरियोस् । अनुगमन प्रतिवेदन विना कुनै पनि योजनाको किस्ता वा अन्तिम भुक्तानी रोक्का गर्ने प्रणाली कडाइका साथ लागू गरियोस् ।
- ✓ **सडक सर्भेमा जनसहभागिताः** प्राविधिकहरूले सडक सर्भे गर्दा स्थानीय जग्गाधनी र उपभोक्ताहरूसँग अनिवार्य समन्वय गरुन् । ठेकेदारहरूले सडक खन्दा गर्ने जथाभाबी भीर कटानलाई रोकी पहिरो नियन्त्रणको कार्य पनि सँगै गर्न लगाइयोस् ।

### ३. अलपत्र सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- ✓ **एम्बुलेन्स सेवाको तत्काल पुनःस्थापनाः** रामभञ्ज्याङ चौतारामा बिग्रिएर थन्काएर राखिएको एम्बुलेन्सलाई तत्काल मर्मत गरी, स्थानीय स्वास्थ्य चौकी वा वडा कार्यालयको प्रत्यक्ष व्यवस्थापनमा सञ्चालन गरी नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरियोस् ।

### ७.३ क्षेत्रगत सुधारका सुझावहरू

**१. भूमि तथा नापी प्रशासन सुदृढीकरण**

- ✓ **वडास्तरीय नापी शिविरः** साविक ३६ सालको नापी र नयाँ कम्प्युटर प्रणालीबिचको कित्ताकाट नमिल्दा बैंकबाट कर्जा लिन र जग्गा भोगचलनमा नामजुडका नागरिकले भोगेको सास्ती हटाउन, नापी कार्यालयसँग समन्वय गरी वडा नं. ९ मै तत्काल जग्गा नापी सत्यापन शिविर सञ्चालन गरियोस् ।
- ✓ **राजस्व तथा कर फारमको सरलीकरणः** मालपोत कर तिर्ने अनलाइन फारम भर्ने प्रक्रिया झन्झटिलो भएकोले कम्प्युटर अपरेटर वा वडाका सहायक कर्मचारीहरूलाई नै सेवाग्राहीको फारम भर्न मद्दत गर्ने गरी जिम्मेवारी तोकियोस् ।

**२. कृषि, पशु सेवा र मल वितरणको सहजता**

- ✓ **प्राविधिकहरूको फिल्ड उपस्थितिः** कृषि र पशु सेवाका प्राविधिकहरूलाई अनिवार्य रूपमा कार्यतालिका बनाई टोल-टोलमा र किसानका खेतबारीसम्म पुग्ने व्यवस्था मिलाइयोस् । निष्क्रिय रहेको धुसेनी कृषक समूह जस्ता कृषि समूहहरूलाई तत्काल पुनर्गठन गरी सक्रिय बनाइयोस् ।
- ✓ **पशु बिमा प्रक्रियाको सरलीकरणः** झन्झटिलो पशु बिमा प्रक्रियालाई सहज बनाउन बिमा कम्पनीहरूसँग पालिकाले मध्यस्थता गरी किसानको दाबी भुक्तानी समयमै गराउने ग्यारेन्टी गरोस् ।
- ✓ **रासायनिक मलको न्यायोचित वितरणः** रासायनिक मलको देशव्यापी अभाव रहे पनि वडाका सहकारीहरूलाई घरधुरी संख्याका आधारमा न्यायोचित र समयमै मल उपलब्ध गराउने व्यवस्था मिलाइयोस् ।

**३. पर्यटन, यातायात र सेवा प्रवाह**

- ✓ **पर्यटन पूर्वाधारको प्याकेज प्रणालीः** सिद्धगुफा भ्यू टावर जस्ता पर्यटकीय संरचना निर्माण गर्दा शौचालय, खानेपानी, रेलिङ र सिँढी जस्ता न्यूनतम पूर्वाधारको प्याकेजसहित गुरुयोजना बनाएर मात्र काम गरियोस् ।
- ✓ **मैलुङ-काठमाडौं बस सेवाको नियमनः** मैलुङ-काठमाडौं बस सेवालाई नियमित र भरपर्दो बनाउन यातायात व्यवसायी संघ र समितिहरूसँग पालिकाले तत्काल बैठक बसी समयतालिका र नियमित सञ्चालनको लिखित प्रतिबद्धता गराओस् ।
- ✓ **जवाफदेहिता र जनप्रतिनिधिको उपस्थितिः** आगामी सार्वजनिक सुनुवाइहरूमा वडाध्यक्षहरू र कार्यपालिका सदस्यहरूको उपस्थिति अनिवार्य गराई वडा तहकै उत्तरदायित्व र जवाफदेहिता सुदृढ गरियोस् ।

### ७.४ निष्कर्ष (भावी कार्यदिशा)

शहिद लखन गाउँपालिकाले राष्ट्रिय स्तरको कार्यसम्पादन मूल्याङ्कनमा हासिल गरेको गौरवपूर्ण स्थानलाई बचाइराख्न अब भौतिक पूर्वाधार केन्द्रित विकासबाट रूपान्तरित भई नागरिकको थातथलोमै जिउधन, बाली र जीविकोपार्जनको सुरक्षा गर्ने कार्यदिशा समात्नुपर्दछ । बाँदर आतंकको दिगो नियन्त्रण, खानेपानीको सफल सञ्चालन, र मालपोत-नापीका प्राविधिक जटिलताहरूको समाधान नै आगामी वर्षमा गाउँपालिकाले हिँड्नुपर्ने मुख्य र ओझिलो मार्गचित्र हो ।

## ९. अनुसूचीहरु

### अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन "
शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८२/८३
चलानी नं :

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(मितिः २०८३।०३।२५, नेपाल संवत् ११४६ तछलागा नवमी, बिहिवार)

प्रस्तुत सम्बन्धमा यस गाउँपालिकाको आयोजना र सहमत मिडिया प्रा.लि.को सहजीकरणमा चालु आर्थिक वर्ष २०८२।८३ को तेस्रो चौमासिक सम्म गाउँपालिकाले कार्यसम्पादन गरेका विकासात्मक कार्यहरु, सार्वजनिक सेवा प्रवाहको हाल सम्मको कार्य प्रगतिको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले उक्त कार्यक्रममा यस गाउँपालिका भित्रका जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति/उपसमितिहरु तथा उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरु लगायत शहिद लखन गाउँपालिकावासी एवं सरोकारवाला सबैलाई सहभागिताको लागि अनुरोध छ ।

तपसिल :
मिति : २०८३।०३।३० गते मंगलबार
समय : विहान ठिक ११:०० बजे
स्थान : श्री जनशक्ति मा.वि., शहिद लखन गाउँपालिका-०९, नामजुङ्ग, गोरखा।

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागि
सूचना अधिकारीः ९८५६०१०५३४

## अनुसूची २

### सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

## अनुसूची ३

### बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन

बहिर्गमन अभिमत (Exit Poll)

सहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | १६ प्रतिशत |
| दर्ता/नविकरण | १२ प्रतिशत |
| योजनाको भुक्तानी लिन | १८ प्रतिशत |
| योजना माग गर्न | १४ प्रतिशत |
| तिरो तिर्न | १० प्रतिशत |
| अनुदानको सामग्री लिन | ६ प्रतिशत |
| सूचना प्राप्त गर्न | २ प्रतिशत |
| अन्य | २२ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ३८ प्रतिशत | ६२ प्रतिशत | ० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| ८४ प्रतिशत | १२ प्रतिशत | ६ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ७६ प्रतिशत | २२ प्रतिशत | २ प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ८० प्रतिशत | १४ प्रतिशत | ६ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| ६८ प्रतिशत | १८ प्रतिशत | १४ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| ६६ प्रतिशत | २२ प्रतिशत | १२ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. धेरैपछि रामशाह घाटमा हाटबजार चल्न थालेको छ। यो खुसीको कुरा हो, पालिकालाई धन्यवाद।
२. विकास निर्माणका काम राम्रै भैरहेको छ। शाखा बाटो पनि स्तरोन्नती गर्न थालिएको छ।
३. ७५ वर्ष माथिका वा ज्येष्ठ नागरिकहरूलाई १५/१५ दिनमा टोलटोलमै पुगेर उपचार गरेको छ। यो काम निकै प्रशंसनीय छ। आँखा तथा स्वास्थ्य शिविरले विपन्न वर्गका नागरिकहरूलाई सहजता प्रदान गरेको छ।
४. किसानहरूलाई मौरी, बाख्रा, बंगुरका पाठा, फलफूलका बिरुवाका साथै कोदो पिस्ने मेसिन, ट्र्याक्टर र धान कुट्ने मेसिन जस्ता कृषि औजार र पाइपहरू अनुदान दिएको छ।
५. महिला र युवालाई उद्यमी बनाउन सिलाई-कटाई र हस्तकला सम्बन्धी सीपमूलक तालिमहरू प्रदान गरिएको छ।
६. गाउँपालिका तथा वडा कार्यालयमा सेवा लिन जाँदा जनप्रतिनिधि र कर्मचारीहरूको व्यवहार असाध्यै राम्रो छ। सरल स्वभाव र सहयोगी भावनाले जनतालाई सहज भएको छ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. साविक मनकामना र बक्राङ क्षेत्र भौगोलिक र विकासका हिसाबले अन्य वडाको तुलनामा किन पछाडि पारिएको हो ? यस क्षेत्रमा बाटो ढलान, कालोपत्रे र अन्य पूर्वाधारका योजनाहरू सुस्त भैरहेको छ। अलि बढी प्राथमिकता दिनुपर्यो।
२. रामशाह घाटबाट मनकामना जोड्ने छोटो दूरीको सडक निर्माण स्थानीय सरकार आएको १० वर्षसम्म पनि हुन सकेन। यसमा गाउँपालिकाले अलि जोड दिनुपर्यो। केबलकारबाट रकम लिने, सडक चाहीँ नबनाउने गर्न भएन।
३. वडा नं. ३ को भौगोलिक विकटताका कारण सेवा लिन साह्रै समस्या भएको छ। अहिले हाटबजार चलिरहेको ठाउँमा सेवाकेन्द्र स्थापना गरेर वडा स्तरका सेवाहरू उपलब्ध गराइयोस्।
४. वडा नम्बर १ र ३ को स्वास्थ्यचौकी भवन कहिले पूरा हुने हो ? ठेकेदार अहिलेसम्म सम्पर्कमा छैन। कि कारबाही होस्, कि निर्माण सम्पन्न होस्।
५. ज्येष्ठ नागरिक परिचय पत्र लिनका लागि पालिकाको केन्द्रसम्म धाउनुपर्ने बाध्यता झण्झटिलो भयो। वडा कार्यालयबाटै परिचयपत्र वितरण गर्न मिल्दैन ?
६. विरामी पर्दा एम्बुलेन्सको भाडा साह्रै महंगो भयो। ट्याक्सी बोलाउँदा हजार पन्ध्र सयमा हुन्छ, एम्बुलेन्समा थोरैमा पनि २५ सय तिर्नुपर्छ। अलि सहुलियत दिन सकिँदैन ?

७. अहिले मरुवा रोगका कारण चैतेधान सखाप भयो । काँक्रा खेतीमा पनि असर पर्यो, किसानले क्षतिपुर्ति पाउँछन् कि पाउँदैनन् ?
८. यसपालि कृषि सामग्रीबाट १३ टन रासायनीक मल शहिद लखन गाउँपालिकालाई आउने भनेर सामाजिक सञ्जालमा प्रचार गरिएको थियो । त्यो मल आयो कि आएन ? आएको भने कसरी वितरण भयो ? कृषि प्रधान पालिका भनिन्छ तर, किसानले समयमा मल पाउन सकेका छैनन् ।
९. पालिकाको सडक पीच भएपछि अहिले सवारीको गति बढेको छ । स्कुल र बस्ती भएका ठाउँमा ब्रेकर राख्नुपर्यो, दुर्घटनाको जोखिम बढ्न थाल्यो ।
१०. पालिकाले यसैवर्ष कृषि एम्बुलेन्स चलाउने भनेर सूचना पनि जारी गरेको देखिएको थियो । अहिलेसम्म एम्बुलेन्स चलेको थाहा भएन, के कति कारणले सञ्चालनमा नआएको हो ?
११. हरेक वर्ष स्कुल मर्ज भैरहेको छ । बाँकी रहेका विद्यालय फेरि अर्को वर्ष मर्ज गर्नुपर्ने गरी विद्यार्थी संख्या घटिसके । बरु मेगा र आवासीय विद्यालयमा जान सकिँदैन ? अर्को कुरा, शिक्षकहरुको सरुवामा पनि पालिकाबाट अलि पूर्वाग्रह राखेको अनुभुति भएको छ । सुधार होस् ।
१२. अहिले विभिन्न ठाउँहरुमा क्लिनिक र औषधी पसलहरु खुलेका छन् । ति पसलहरु दर्ता भएका हुन् कि होइनन् ? पालिकासँग रेकर्ड छ कि छैन ?
१३. गाउँमा बाँदरले खेतीपाती सखाप पारेको छ । पहिला बन्दुक पड्काएर धपाउने गरिन्थ्यो, अहिले त्यो पनि बन्द छ । विकास निर्माण जत्तिकै महत्वका साथ किसानको खेती जोगाउनुपर्यो ।
१४. वडामा खटाइएका पशु प्राविधिकहरू हाजिर गर्न मात्र कार्यालय आउने तर फिल्डमा नजाने अवस्था छ । कुन वडामा कुन बाली वा पशुमा के रोग लागेको छ भन्ने कुरा प्राविधिकलाई थाहा हुँदैन । प्राविधिकहरू नियमित रूपमा फिल्डमा जानुपर्‍यो ।
१५. योजनाहरू अलि दीगो र महशुस गर्ने खालको हुनुपर्यो, एउटै बजेट टुक्रा-टुक्रामा बाँड्न भएन ।
१६. गैरीचौतारा-बुढिगण्डकी सडक खण्डको हटिया गाउँ वरपरको काम निकै सुस्त छ । छापथोक क्षेत्रमा ठेकेदारले काम अलपत्र पार्दा वर्षा र हिउँद दुवै समयमा नागरिकले हिलो र धूलोको सास्ती भोग्नुपरेको छ, पालिकाले पनि समन्वय गरिदिनुपर्यो ।
१७. योजनाहरूको अनुगमन प्रभावकारी देखिएन । ठेक्कामा कति सामग्री हालियो, काम दिगो छ कि छैन भन्ने हेर्ने कोही भएन । नियमित प्राविधिक रहने व्यवस्था गर्नुपर्यो ।
१८.पालिका र वडाका सूचनाहरु फेसबुक पेजमा त आएका छन् । कतिपय टोलमा इन्टरनेटको प्रभाव छैन । त्यस्ता ठाउँमा टोल विकास संस्था मार्फत प्रवाह गर्नुपर्यो ।
१९. वडा र पालिकामा करारमा राखिएका कर्मचारीहरू जनताप्रति उत्तरदायी नभएको, माथिल्ला तहको निर्देशन समेत पालना नगरेको र बढी विदामा बस्ने गरेका छन् । संघ सरकारले नै करार कर्मचारी हटाउनुपर्ने परिपत्र गरेकोमा अहिलेसम्म उनीहरुलाई किन नहटाइएको हो ?
२०. अघिल्लो सार्वजनिक सुनुवाइमा पनि कर्मचारीबारे प्रश्न गर्दा आन्तरिक अनुसन्धान गरेर कारबाही हुन्छ भन्नुभएको थियो, कतिजनालाई के कारबाही गरियो ?
२१. केही जनप्रतिनिधिहरु नागरिकका समस्यामा बेवास्ता गर्ने, कार्यकाल सकिएको भैं गरी ध्यान नदिने र योजना छनोटमा पनि पूर्वाग्रह राख्ने गरेका छन् । अल्छि लागेको भए राजीनामा दिए हुन्छ, नत्र कार्यकालभरी पहिलेको जस्तै सक्रिय भएर काम गरियोस् ।

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| | | |
|---|---|---|
| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| ४२ प्रतिशत | ५६ प्रतिशत | ४ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| | | |
|---|---|---|
| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| ७० प्रतिशत | २२ प्रतिशत | ८ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| | | |
|---|---|---|
| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
| ७० प्रतिशत | ४ प्रतिशत | २६ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| | | |
|---|---|---|
| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| | | |
|---|---|---|
| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
| ६२ प्रतिशत | २० प्रतिशत | १८ प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्ट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| छ | छैन | अलिअलि थाहा छ। |
| १४ प्रतिशत | ६४ प्रतिशत | २२ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| ८२ प्रतिशत | १२ प्रतिशत | ६ प्रतिशत |

**वडा कार्यालय पायक पर्ने ठाउँमा छैन।**

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| ५२ प्रतिशत | ३६ प्रतिशत | १२ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| ८४ प्रतिशत | १६ प्रतिशत | ० प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| २४ प्रतिशत | ३८ प्रतिशत | ३८ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ५२ प्रतिशत | ४८ प्रतिशत | ० प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| ९४ प्रतिशत | ६ प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ७६ प्रतिशत | २० प्रतिशत | ४ प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| ४८ प्रतिशत | ३६ प्रतिशत | १६ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ५४ प्रतिशत | ४६ प्रतिशत | १० प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | १०० प्रतिशत | ० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९० प्रतिशत | १० प्रतिशत | ० प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ५४ प्रतिशत | ३६ प्रतिशत | १० प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| ८ प्रतिशत | ६८ प्रतिशत | २४ प्रतिशत |

## अनुसूची ४

***बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनमा सोधिएका प्रश्नहरुको पालिकाका तर्फबाट प्राप्त जवाफ र स्पष्टिकरण***

**१. साविक मनकामना र बक्राङ क्षेत्र भौगोलिक र विकासका हिसाबले अन्य वडाको तुलनामा किन पछाडि पारिएको हो ? यस क्षेत्रमा बाटो ढलान, कालोपत्रे र अन्य पूर्वाधारका योजनाहरू सुस्त भैरहेको छ। अलि बढी प्राथमिकता दिनुपर्यो।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर):** साविक मनकामना र बक्राङ क्षेत्र भौगोलिक कठिनाइ र विकासका दृष्टिकोणले अन्य वडाहरूको तुलनामा केही पछाडि परेको वास्तविकतालाई पालिकाले महसुस गरेको छ। यस क्षेत्रको सन्तुलित विकासका लागि पालिकाले बाटो ढलान, कालोपत्रे र अन्य भौतिक पूर्वाधारका योजनाहरूलाई आफ्नो नीति तथा बजेटमा प्राथमिकताको सूचीमा राखेर काम अघि बढाइरहेको छ।

**२. रामशाह घाटबाट मनकामना जोड्ने छोटो दूरीको सडक निर्माण स्थानीय सरकार आएको १० वर्षसम्म पनि हुन सकेन। यसमा गाउँपालिकाले अलि जोड दिनुपर्यो। केबलकारबाट रकम लिने, सडक चाहीँ नबनाउने गर्न भएन।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर)**ः रामशाहघाटदेखि मनकामना जोड्ने छोटो दूरीको सडक निर्माण कार्यलाई गति दिन पालिकाले प्राथमिकताका साथ पहल गरिरहेको छ। हाल यस सडक निर्माणका लागि संघीय सरकारमार्फत १० करोड बजेट विनियोजन भएको छ् ३११३े। साथै, भारतीय राजदूतावासमार्फत पनि सडक स्तरोन्नति र निर्माण कार्य अगाडि बढाउन आवश्यक समन्वय भइरहेको छ।

**३. वडा नं. ३ को भौगोलिक विकटताका कारण सेवा लिन साह्रै समस्या भएको छ। अहिले हाटबजार चलिरहेको ठाउँमा सेवाकेन्द्र स्थापना गरेर वडा स्तरका सेवाहरू उपलब्ध गराइयोस्।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर)**ः वडा नं ३ को भौगोलिक विकटतालाई ध्यानमा राखेर हाटबजार चल्ने क्षेत्रमा वडास्तरीय सेवा प्रवाह सहज बनाउन सेवा केन्द्र स्थापना गर्ने योजना पालिकाको रहेको छ। यसका लागि दुई वर्षअघि नै बजेट विनियोजन गरिए पनि वडाभित्रकै केही आन्तरिक विवाद र समस्याका कारण काम रोकिन पुगेको हो। ती आन्तरिक असमझदारीहरू हल गरी सेवा केन्द्र स्थापनाको कामलाई शीघ्र अघि बढाइनेछ।

**४. वडा नम्बर १ र ३ को स्वास्थ्यचौकी भवन कहिले पूरा हुने हो ? ठेकेदार अहिलेसम्म सम्पर्कमा छैन। कि कारबाही होस्, कि निर्माण सम्पन्न होस्।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर)**ः वडा नम्बर १ र ३ का स्वास्थ्य चौकी भवनहरू संघीय सरकारको सहरी विकास कार्यालयमार्फत नियमन तथा अनुगमन हुने योजनाहरू हुन्। निर्माण कार्यको अन्तिम चरण (करिब ९७-९८ प्रतिशत काम सम्पन्न भइसकेको) मा पुगे पनि ठेकेदारहरूको लापरबाही र उनीहरू सम्पर्कविहीन भएका कारण भवन हस्तान्तरण हुन सकेको छैन। अलपत्र परेका यी योजनाहरू पूरा गराउन सम्बन्धित सहरी विकास कार्यालय र निर्माण पक्षसँग पालिकाले निरन्तर समन्वय र ताकेता गरिरहेको छ।

**५. ज्येष्ठ नागरिक परिचय पत्र लिनका लागि पालिकाको केन्द्रसम्म धाउनुपर्ने बाध्यता झण्झटिलो भयो। वडा कार्यालयबाटै परिचयपत्र वितरण गर्न मिल्दैन ?**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर)**ः सहिद लखन गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७६ बमोजिम यो परिचयपत्र प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिकाको आधिकारिक अधिकृतस्तरको कर्मचारीले मात्र प्रमाणित गरी वितरण गर्नुपर्ने व्यवस्था छ। सोही कानुनी व्यवस्थाका कारण हाल ज्येष्ठ नागरिकहरूले पालिका केन्द्रसम्म आउनुपरेको हो। यस झन्झटलाई हटाउन आगामी कार्यपालिका बैठकमा कार्यविधि संशोधनको प्रस्ताव लगिनेछ, जसपश्चात वडा कार्यालयबाटै परिचयपत्र वितरण गर्ने कानुनी बाटो खुल्नेछ।

**६. विरामी पर्दा एम्बुलेन्सको भाडा साह्रै महंगो भयो। ट्याक्सी बोलाउँदा हजार पन्ध्र सयमा हुन्छ, एम्बुलेन्समा थोरैमा पनि २५ सय तिर्नुपर्छ। अलि सहुलियत दिन सकिँदैन ?**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर)**ः बिरामी बोक्ने एम्बुलेन्सको भाडादर निर्धारण वा समायोजन गर्ने अधिकार स्थानीय गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्दैन। यो भाडादर जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति (जिल्लास्तरको संयन्त्र) ले निर्धारण गर्ने गर्दछ। नागरिकहरूले महसुस गर्नुभएको यो मर्कालाई ध्यानमा राखेर भाडादर पुनरावलोकन र सहुलियतका लागि पालिकाले जिल्ला समितिमा आवश्यक पहल र सिफारिस गर्नेछ।

**७. अहिले मरुवा रोगका कारण चैतेधान सखाप भयो । काँक्रा खेतीमा पनि असर पर्यो, किसानले क्षतिपुर्ति पाउँछन् कि पाउँदैनन् ?**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर):** किसानहरूको खेतबारीमा बाली रोग देखापर्दा कृषि प्राविधिकहरूलाई तत्काल खबर गरेमा उनीहरू स्थलगत निरीक्षणमा आउने व्यवस्था मिलाइएको छ। बाली क्षतिको प्राविधिक मूल्याङ्कनका आधारमा सरकारी मापदण्डअनुसार राहत वा प्राविधिक सहयोगका लागि पालिकाको कृषि शाखाले आवश्यक समन्वय गर्नेछ।

**८. यसपालि कृषि सामग्रीबाट १३ टन रासायनीक मल शहिद लखन गाउँपालिकालाई आउने भनेर सामाजिक सञ्जालमा प्रचार गरिएको थियो । त्यो मल आयो कि आएन ? आएको भने कसरी वितरण भयो ? कृषि प्रधान पालिका भनिन्छ तर, किसानले समयमा मल पाउन सकेका छैनन् ।**

- **जवाफ (गाउँपालिका उपाध्यक्ष):** सामाजिक सञ्जालमा प्रचार भएबमोजिम १३ टन (२६० बोरा) रासायनिक मल हालै पालिकामा प्राप्त भइसकेको छ। पालिकाले वार्षिक रूपमा ६०० मेट्रिक टन मल माग गरे पनि राष्ट्रिय स्तरमै न्यून आपूर्ति भएकाले यो समस्या सिर्जना भएको हो। पालिकाभित्र मल वितरणका लागि स्वीकृत प्राप्त १२ वटा कृषि सहकारीहरू रहेकाले प्राप्त १३ टन मल ती सबै सहकारीलाई समान रूपमा (प्रतिसहकारी १५ देखि २० बोराको दरले) पारदर्शी ढंगले वितरण गरिएको छ।

**९. पालिकाको सडक पीच भएपछि अहिले सवारीको गति बढेको छ। स्कुल र बस्ती भएका ठाउँमा ब्रेकर राख्नुपर्यो, दुर्घटनाको जोखिम बढ्न थाल्यो ।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर):** सडक कालोपत्रे (पिच) भइसकेपछि सवारी साधनहरूको गति बढेको र दुर्घटनाको जोखिम बढेको सत्य हो। विद्यालय र घना बस्ती भएका संवेदनशील क्षेत्रहरूमा दुर्घटना रोक्नका लागि आवश्यक स्थानहरू पहिचान गरी वडा र पालिकाको समन्वयमा चाँडै नै स्पीड ब्रेकर (गति नियन्त्रक) राख्ने कार्य अगाडि बढाइनेछ।

**१०. पालिकाले यसैवर्ष कृषि एम्बुलेन्स चलाउने भनेर सूचना पनि जारी गरेको देखिएको थियो। अहिलेसम्म एम्बुलेन्स चलेको थाहा भएन, के कति कारणले सञ्चालनमा नआएको हो ?**

- **जवाफः** सूचना निकाल्दा कसैले पनि चासो दिएनन्। सहकारीलाई आह्वान गरिएको थियो, आवेदन नपरेपछि चाहेर पनि सञ्चालन गर्न सकिएन। बजेट विनियोजन भएर पनि काम भएन।

**११. अहिले विभिन्न ठाउँहरुमा क्लिनिक र औषधी पसलहरु खुलेका छन् । ति पसलहरु दर्ता भएका हुन् कि होइनन् ? पालिकासँग रेकर्ड छ कि छैन ?**

- **जवाफ (गाउँपालिका उपाध्यक्ष):** पालिकाले यस क्षेत्रका क्लिनिक र औषधि पसलहरूको अनुगमन गरिरहेको छ र यसको यथेष्ट रेकर्ड पालिकासँग छ। हालसम्मको अनुगमनअनुसार पालिकाभर सञ्चालित औषधि पसलहरूमध्ये ३ वटा औषधि पसल पूर्ण रूपमा दर्ता भएका छन् भने ४ वटा औषधि पसलहरू दर्ता प्रक्रिया पूरा नगरी सञ्चालन भइरहेको पाइएको छ। ती बिनादर्ता सञ्चालित पसलहरूलाई कानुनी दायरामा आउन र दर्ता प्रक्रिया पूरा गर्न निर्देशन दिइएको छ।

**१३. गाउँमा बाँदरले खेतीपाती सखाप पारेको छ। पहिला बन्दुक पड्काएर धपाउने गरिन्थ्यो, अहिले त्यो पनि बन्द छ। विकास निर्माण जत्तिकै महत्वका साथ किसानको खेती जोगाउनुपर्यो।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर):** विगतमा घर-घरमा रहने बन्दुक पड्काएर बाँदर धपाउने परम्परा समय र कानुनी कडापनका कारण हराइसकेको छ। बाँदर नियन्त्रणका लागि जंगलमा फलफूल रोप्ने वा बन्ध्याकरण गर्ने उपायहरू पूर्ण रूपमा व्यावहारिक छैनन्। यसको दिगो समाधान भनेको संघीय सरकार र प्रदेश सरकारले नीतिगत रूपमा कानुन संशोधन गरी अष्ट्रेलियाले कङ्गारु नियन्त्रण गरे झैं नेपालमा पनि बाँदरलाई निश्चित संख्यामा मार्ने वा नियन्त्रण गर्ने कानुनी व्यवस्था मिलाउनु नै हो र यसका लागि पालिकाले लबिङ गरिरहेको छ।

**१४. वडामा खटाइएका पशु प्राविधिकहरू हाजिर गर्न मात्र कार्यालय आउने तर फिल्डमा नजाने अवस्था छ। कुन वडामा कुन बाली वा पशुमा के रोग लागेको छ भन्ने कुरा प्राविधिकलाई थाहा हुँदैन। प्राविधिकहरू नियमित रूपमा फिल्डमा जानुपर्‍यो।**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर):** पशु सेवातर्फका प्राविधिकहरू तुलनात्मक रूपमा फिल्डमा पुग्ने गरे पनि कृषि प्राविधिकहरू किसानको खेतबारीसम्म नपुगेको गुनासो सत्य हो। पशु बिरामी हुँदा किसानले तत्काल प्राविधिक बोलाउने तर कृषि बालीका समस्यामा हतपत प्राविधिक नबोलाउने र बोलाएपछि मात्र जाने प्राविधिकहरूको प्रवृत्तिका कारण यो समस्या देखिएको हो। कृषि प्राविधिकहरूलाई सेवाग्राहीको निम्तो पर्खिनुको साटो आफैं वडा र टोलमा सक्रिय रूपमा खटिने व्यवस्था मिलाउन शाखा प्रमुखलाई निर्देशन दिइएको छ।

**१५. योजनाहरू अलि दीगो र महशुस गर्ने खालको हुनुपर्यो, एउटै बजेट टुक्रा-टुक्रामा बाँड्न भएन।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर):** साना र टुक्रा बजेटले कुनै पनि ठोस, देखिने र दिगो विकासको परिणाम नदिने कुरामा गाउँपालिका पूर्ण रूपमा सहमत छ। एउटै बजेट टुक्रा-टुक्रामा बाँड्ने पुरानो परिपाटीलाई निरुत्साहित गरी आगामी दिनमा ठूला, रणनीतिक र दीर्घकालीन महत्त्वका योजनाहरू मात्र छनोट गरी बजेट विनियोजन गर्ने नीति पालिकाले अंगीकार गरिसकेको छ।

**१६. गैरीचौतारा-बुढिगण्डकी सडक खण्डको हटिया गाउँ वरपरको काम निकै सुस्त छ। छापथोक क्षेत्रमा ठेकेदारले काम अलपत्र पार्दा वर्षा र हिउँद दुवै समयमा नागरिकले हिलो र धूलोको सास्ती भोग्नुपरेको छ, पालिकाले पनि समन्वय गरिदिनुपर्यो।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर):** गैरीचौतारा-बुढिगण्डकी सडक खण्डको हटिया गाउँ र छापथोक वरपरको काम सुस्त भएको गुनासोलाई सम्बोधन गर्न पालिकाले निर्माण व्यवसायी (ठेकेदार) सँग आवश्यक समन्वय र ताकेता गरिसकेको छ। सोही समन्वयका आधारमा हिलो र धूलोको सास्ती कम गर्नका लागि सडकको उक्त खण्डमा तत्काल ग्रेभल (ढुङ्गा-गिट्टी) बिछ्याउने काम सम्पन्न भई यातायात सुचारु गरिएको छ।

**१७. योजनाहरूको अनुगमन प्रभावकारी देखिएन। ठेक्कामा कति सामग्री हालियो, काम दिगो छ कि छैन भन्ने हेर्ने कोही भएन। नियमित प्राविधिक रहने व्यवस्था गर्नुपर्यो।**

- **जवाफ (गाउँपालिका उपाध्यक्ष):** योजनाहरूको प्रभावकारी नियमनका लागि पालिकाले त्रि-स्तरीय अनुगमन संयन्त्र खडा गरेको छ, जसमा पालिका स्तरीय, वडा स्तरीय र उपभोक्ता समितिभित्रै एउटा छुट्टै उपभोक्ता अनुगमन उपसमिति गठन गरिएको छ। साथै, प्रत्येक वडामा एक-एक जना वडा प्राविधिक खटिएका छन्, जसले योजना निर्माणका विभिन्न चरणमा कम्तीमा पनि तीन पटक अनिवार्य प्राविधिक अनुगमन र परिमाण जाँच गरेपछि मात्र भुक्तानी प्रक्रिया अघि बढ्छ।

**१८. पालिका र वडाका सूचनाहरु फेसबुक पेजमा त आएका छन् । कतिपय टोलमा इन्टरनेटको प्रभाव छैन । त्यस्ता ठाउँमा टोल विकास संस्था मार्फत प्रवाह गर्नुपर्यो ।**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर)ः** इन्टरनेटको पहुँच नभएका कतिपय ग्रामीण क्षेत्रका नागरिकहरूले अनलाइन वा फेसबुक पेजका सूचनाहरू हेर्न नसक्नु स्वाभाविक हो । यस समस्यालाई समाधान गर्न र सूचनाको पहुँच सबैमा पुर्याउन आगामी दिनमा टोल विकास संस्थाहरू लाई थप सक्रिय र जिम्मेवार बनाइनेछ, जसले गर्दा वडा र पालिकाका हरेक सार्वजनिक सूचनाहरू टोल विकास संस्थामार्फत इन्टरनेट नभएका टोलमा पनि सहजै पुग्नेछन् ।

**१९. वडा र पालिकामा करारमा राखिएका कर्मचारीहरू जनताप्रति उत्तरदायी नभएको, माथिल्ला तहको निर्देशन समेत पालना नगरेको र बढी विदामा बस्ने गरेका छन् । संघ सरकारले नै करार कर्मचारी हटाउनुपर्ने परिपत्र गरेकोमा अहिलेसम्म उनीहरुलाई किन नहटाइएको हो ?**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर)ः** वडा र गाउँपालिकामा स्वीकृत दरबन्दीअनुसारका स्थायी निजामती कर्मचारीहरूको चरम अभाव छ । स्थायी कर्मचारीहरूबाट मात्र वडा र पालिकाको दैनिक प्रशासनिक कार्य र सेवा प्रवाह धान्न असम्भव भएकाले कानुनी सीमाभित्र रहेर सेवा करारमा कर्मचारीहरू राखिएका हुन् । यद्यपि, करारमा रहेका कर्मचारीहरूले आफ्नो कर्तव्य पालन गर्नुपर्ने, निर्देशनहरू पालना गर्नुपर्ने र विदा वा आचरणमा जिम्मेवार हुनुपर्ने विषयमा पालिकाले नियमित अनुगमन र निर्देशन दिँदै आएको छ ।

**२०. अघिल्लो सार्वजनिक सुनुवाइमा पनि कर्मचारीबारे प्रश्न गर्दा आन्तरिक अनुसन्धान गरेर कारबाही हुन्छ भन्नुभएको थियो, कतिजनालाई के कारबाही गरियो ?**

- **जवाफ (प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर)ः** कर्मचारीहरूमाथि गरिने कारबाही प्रशासनिक कानुनको मर्यादाभित्र रहेर क्रमिक रूपमा (मौखिक सचेत, लिखित स्पष्टीकरण, सचेत पत्र र अन्तिममा निलम्बनसम्म) हुने गर्छ । अघिल्लो सार्वजनिक सुनुवाइपश्चात आचरण सुधार नगर्ने थुप्रै कर्मचारीहरूलाई मौखिक रूपमा सचेत गराइएको छ र गम्भीर लापरबाही गर्ने केही कर्मचारीहरूको हकमा कानुनी प्रक्रिया पुर्याएर लिखित रूपमा सचेत र विभागीय कारबाहीसमेत गरिएको छ ।

**२१. केही जनप्रतिनिधिहरु नागरिकका समस्यामा बेवास्ता गर्ने, कार्यकाल सकिएको झैं गरी ध्यान नदिने र योजना छनोटमा पनि पूर्वाग्रह राख्ने गरेका छन् । अल्छि लागेको भए राजीनामा दिए हुन्छ, नत्र कार्यकालभरी पहिलेको जस्तै सक्रिय भएर काम गरियोस् ।**

- **जवाफ (गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर)ः** जनप्रतिनिधिहरू आफ्नो पूरा कार्यकाल नागरिकको सेवामा समर्पित र सक्रिय हुनुपर्छ भन्ने विषयमा पालिका दृढ छ । जनप्रतिनिधिहरूको उदासीनता वा निष्क्रियता रोक्नका लागि पालिकाले प्रत्येक वडा सदस्यहरूले अनिवार्य रूपमा महिनाको कम्तीमा १० दिन वडा कार्यालयमा उपस्थित भई सेवा प्रवाहमा खटिनुपर्ने र सोको हाजिरी प्रमाणित गरी पालिकामा पठाउनुपर्ने नयाँ कानुनी नियम लागू गरेको छ । नागरिकहरूको यस्तो निरन्तर खबरदारीले जनप्रतिनिधिहरूलाई सधैँ सजग र सक्रिय रहन मद्दत पुग्नेछ ।

# अनुसूची ५

## सहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८३

## कार्यक्रम तालिका

| क्र.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेश बाबु थापा मगर-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना-अध्यक्ष, वडा नम्बर ५<br>दीलिप नारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८<br>रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु।<br>**जवाफदेही**<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार विकास शाखा<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>नवीन अधिकारी-प्रमुख, कृषि विकास शाखा<br>यामबहादुर वृकट्टा-प्रमुख, प्रशासन शाखा<br>पुरुषोत्तम अधिकारी-प्रमुख, आर्थिक प्रशासन शाखा<br>अर्विन थापा-प्रमुख, सूचना प्रविधि शाखा<br>बीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, सामाजिक विकास, जिन्सी<br>कृष्णप्रसाद अर्याल-प्रमुख, योजना, खानेपानी<br>सानुकाजी बस्नेत-प्रमुख, सहकारी, न्यायिक समिति<br>डा. विवेक पुडासैनी-प्रमुख, पशु सेवा शाखा<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु। |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवाप्रवाहबारे जानकारी | | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

# अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु



























# अनुसूची ७

## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति



आज मिति २०८३।०३।३० गते, नेपाल संवत् ११४६ तछलागा, औंसी, मंगलबारका दिन शहिद लखन गाउँपालिकाका आदरणीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा चालू आर्थिक वर्ष २०८२।८३ को दोस्रो चौमासिक सम्म गाउँपालिकाबाट भएका कार्यहरु सम्बन्धमा सार्वजनिक सुनुवाई शहिद लखन गाउँपालिका-६, जाइका भवन, खाल्डिभञ्ज्याङमा निम्नानुसारको उपस्थितिमा सम्पन्न भयो।

तपसिल:

१. श्री रमेश बाबु थापा मगर, अध्यक्ष
२. श्री इन्दिरा तिवारी, उपाध्यक्ष
३. श्री बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत
४. श्री प्रेम गुरुङ, वडा अध्यक्ष, वडा नं. १
५. श्री शकुन थापा, वडा अध्यक्ष, वडा नं. २
६. श्री दिपक पाण्डे, वडा अध्यक्ष, वडा नं. ३
७. श्री यम बहादुर थापा, वडा अध्यक्ष, वडा नं. ४
८. श्री याम बहादुर राना, वडा अध्यक्ष, वडा नं. ५
९. श्री दिलिप नारायण थापा, वडा अध्यक्ष, वडा नं. ६
१०. श्री [illegible] शरण श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ७
११. श्री बासुदेव ढकाल, वडा अध्यक्ष, वडा नं. ८
१२. श्री रामकुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ९
१३. श्री कृष्ण बहादुर प्रजा, कार्यपालिका सदस्य
१४. श्री लिना थापा, कार्यपालिका सदस्य
१५. श्री गीता परियार, कार्यपालिका सदस्य
१६. श्री हस्त कुमारी गुरुङ, कार्यपालिका सदस्य
१७. श्री शोभा नेपाली, कार्यपालिका सदस्य
१८. श्री विमला ढुङ्गाना अंगाई, कार्यपालिका सदस्य
१९. श्री काशी नाथ अंगाई, न्यायिक समिति सदस्य / वडा सदस्य, वडा नं. ८
२०. श्री झक्कल बहादुर थापा, / वडा सदस्य, वडा नं. २
२१. श्री डिल बहादुर गरञ्जा, वडा सदस्य, वडा नं. ७
२२. श्री होम बहादुर थापा, वडा सदस्य, वडा नं. ७
२३. श्री टक माया परियार, दलित महिला सदस्य, वडा नं. ७
२४. श्री ओम बहादुर खड्का, वडा सदस्य, वडा नं. ८
२५. श्री पार्वती सार्की, दलित महिला सदस्य, वडा नं. ८
२६. ई.श्री राजन रानाभाट-इन्जिनियर
२७. श्री राजेन्द्र खनाल-शिक्षा अधिकृत,सातौं
२८. श्री नविन अधिकारी-कृषि अधिकृत,सातौं
२९. श्री याम बहादुर बुकट्टा-प्रशासकीय अधिकृत,सातौं
३०. श्री पुरुषोत्तम अधिकारी-लेखा अधिकृत सातौं
३१. श्री अर्विन थापा-सूचना प्रविधि अधिकृत सातौं
३२. श्री पूर्ण बहादुर गहतराज-सहायक प्रशासकीय अधिकृत
३३. श्री विरेन्द्र श्रेष्ठ-स्वास्थ्य शाखा प्रमुख
३४. श्री कृष्ण प्रसाद अर्याल-योजना शाखा प्रमुख
३५. श्री सानुकाजी बस्नेत-सहायक प्रशासकीय अधिकृत
३६. श्री अर्पण थापा-रोजगार संयोजक
३७. पुष्पितन्द्र ज्ञवाली शहिद लखन गा.पा. वडा ६
३८. नारायण बाबु बराम
३९. [illegible] गुरुङ
४०. [illegible]
४१. [illegible] थापा
४२. राम प्रसाद लामिछाने
४३. [illegible] थापा
४४. [illegible]
४५. भरत मान बजेरे
४६. [illegible] बहादुर थापा
४७. [illegible] ढकाल
४८. पृथ्वी खड्का
४९. [illegible] थापा मगर
५०. [illegible] प्रसाद लामिछाने
५१. [illegible] गुरुङ
५२. डा. विवेक पुडासैनी
५३. प्रेम बहादुर [illegible]
५४. सम्झु राज लाम्कोटा
५५. [illegible]
५६. [illegible]
५७. [illegible] नारायण [illegible]
५८. [illegible]
५९. [illegible] कुमारी [illegible]
६०. [illegible] बहादुर [illegible]
६१. [illegible] कुमार [illegible]
६२. दीपक पाण्डे
६३. प्रकाश ढकाल
६४. पुष्पा डाँगी
६५. मनिता [illegible]
६६. [illegible]
६७. उत्तमकेशरी ढकाल
६८. हिरामान [illegible]
६९. [illegible]
७०. सुरेश कुमार चौधरी (वडा सचिव) (वडा नं ६)
७१. जानुका थापा
७२. जमुना खड्का — कार्यालय सहयोगी
७३. रमेश लामिछाने — शिक्षक, जनशक्ति मा.वि.
७४. विष्णु [illegible]

समाप्त।